# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ३१ | काठमाडौं | बुधबार, १० जेठ २०८० | Prabhab National Daily | Wednesday, May 24, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## कांग्रेसमा सभापति देउवा र महामन्त्रीद्वयको खोजी



■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाली कांग्रेसका केन्द्रीय कार्यसमितिको बैठक बस्न अझै तय हुन सकेको छैन । वैशाख मसान्तसम्म बस्ने तयारी रहेको बैठक जेठको दोस्रो हप्ता लाग्दा पनि मितिको टुंगो नलागेको हो ।

गत भदौ ५ यता केन्द्रीय कार्यसमितिका बैठक बस्न सकेको छैन । कांग्रेस नेता एवं समाजवादी चिन्तक डा. प्रदीप गिरीको निधनपछि उक्त दिन कांग्रेसले आकस्मिक केन्द्रीय कार्यसमिति बैठक डाकेको थियो । बैठक नेता गिरीको निधनप्रति श्रद्धाञ्जली दिन केन्द्रित थियो । त्यसपछि निर्वाचन लाग्यो । निर्वाचनका विषयमा कांग्रेसले केन्द्रीय कार्यसम्पादन समिति र पदाधिकारी बैठकले नै विविध विषयमा निर्णय गर्‍यो ।

निर्वाचनपछि पुस २२ गतेका लागि डाकिएको केन्द्रीय समिति स्थगित गरी पुस २८ गतेका लागि बोलाइयो । उक्त दिनको लागि डाकिएको बैठक फेरि स्थगित गरी माघ १५ गतेका लागि सारियो । माघ १२ गते अर्को सूचना जारी गर्दै कांग्रेसले केन्द्रीय समितिको बैठक अनिश्चितकालका लागि स्थगित गर्‍यो ।

लामो समय रोकिएको केन्द्रीय समिति केन्द्रीय सदस्यहरूले विरोध गरेपछि महामन्त्रीद्वयले बैठकको तयारी गरेका थिए । 'वैशाख २८ तिर नै केन्द्रीय समिति बैठकको तयारी थियो,' कांग्रेसका एक पदाधिकारीले भने । यद्यपि जेठ दोस्रो हप्ता लाग्दा पनि केन्द्रीय समितिको टुंगो छैन । कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाण नेपालीलाई भुटानी शरणार्थी बनाउने प्रकरणमा पक्राउ परेपछि केन्द्रीय समितिको तयारी अवरुद्ध बनेको बताइएको छ । केन्द्रीय समितिको तयारीपूर्व वैशाख २७ गते खाण पक्राउ परेका थिए ।

> रूपान्तरण अभियानको पहिलो भेला जनकपुरबाट सुरु हुँदै छ । भेला तयारीका लागि संयोजक रञ्जित कर्ण जनकपुर पुगिसकेका छन् ।

### बिहीबारबाट रूपान्तरण अभियान

उपनिर्वाचनमा एक सिट गुमाएको कांग्रेसमाथि युवा वर्गले 'सच्चिने कि सक्किने ?' भन्दै प्रश्न थालेका थिए । सामाजिक सञ्जालदेखि विभिन्न कार्यक्रममा पार्टीमाथि प्रश्न उठेपछि केन्द्रीय समिति र नीति महाधिवेशन समयमै हुनुपर्ने माग उठ्न थालेको छ । यतिमात्र हैन कांग्रेसका कतिपय केन्द्रीय सदस्यले नीति अधिवेशनले झारा टार्नुभन्दा नेतृत्व नै परिवर्तन गर्नुपर्ने माग गरेका छन् । कांग्रेस केन्द्रीय सदस्य प्रा.डा. गोविन्द पोखरेलले विशेष अधिवेशनको माग गर्दै आएका छन् । (बाँकी पृष्ठ २ मा)

नक्कली शरणार्थी प्रकरण

# अनुसन्धानको सुई ओलीका स्वकीय र अख्तियार प्रमुखतिर

■ प्रभाव संवाददाता

**काठमाडौं-** जिल्ला अदालत काठमाडौंले नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १६ जनालाई थप दुई दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार मंगलबार म्याद थपका लागि अदालतमा पेस गरिएकोमा हिरासतमा राख्नका लागि अदालतबाट थप दुई दिन म्याद पाएको हो ।

थपिएको दुई दिनको म्यादभित्रमा अब जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा अभियोजन दर्ता गर्नुपर्छ । जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले नक्कली भुटानी शरणार्थी-ठगी प्रकरणमा अदालतमा अभियोजन दर्ता गर्ने गरी अन्तिम तयारी गरिरहेको छ । अभियोजनका लागि गठित आठ सदस्यीय समितिले सोमबार प्रहरीले बुझाएको रायसहितको प्रतिवेदन अध्ययन गरी अभियोजनपत्र तयार गरिरहेको कार्यालयका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेले जानकारी दिए ।

'बुधबार मुद्दा दर्ता गर्नेगरी अध्ययन गरिरहेका छौं, प्रहरीको रायमाथि केही थपघट गरेर अभियोजन दर्ता हुनसक्छ, अहिले अध्ययनकै चरणमा रहेकाले यही हुन्छ भन्ने अवस्था छैन,' न्यौपानेले भने । जिल्ला प्रहरी परिसर काठमाडौंले नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने लोभमा सयौं नागरिकको करोडौं रकम ठगी गरेको घटनाको अनुसन्धान प्रतिवेदन सोमबार जिल्ला सरकारी वकिलको कार्यालयलाई बुझाएको थियो ।



प्रेमकुमार राई



राजेश बज्राचार्य



रामबहादुर थापा

उक्त घटनामा पूर्वमन्त्री, सचिवसहितका १६ जना पक्राउ परेका छन् । अरु थप १७ जनालाई प्रतिवादी भनाएर मुद्दा चलाउने राय दिइएको परिसरका प्रहरी उपरीक्षक रिजालले बताए । प्रहरीका अनुसार ठगी, राज्यविरुद्धको अपराध र संगठित ठगीमा मुद्दा चलाउन सकिने राय प्रहरीको छ । उक्त घटनामा थप अनुसन्धानको पाटो खुला नै रहेको पनि रिजालले बताए । यस्तै सम्पत्ति शुद्धीकरण र अख्तियार दुरूपयोगमा पनि अनुसन्धान गर्न लेखी पठाउन राय दिइएको छ ।

उक्त घटनामा ६० दिनभित्रमा अभियोजन गरिसक्नुपर्छ । आज नै ६० दिन पुग्दै छ । यस घटनामा ११३ जना पीडितले २७ करोड ५० लाख बढी ठगी भएको भनी उजुरी दिएका थिए । सोही आधारमा (बाँकी पृष्ठ ३ मा)

## 'बालकृष्ण पैसामा बिक्ने मान्छे हैन'

**काठमाडौं (प्रस)-** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पूर्वगृहमन्त्री बालकृष्ण खाण शरणार्थी प्रकरणमा निर्दोष निस्कने विश्वास व्यक्त गरेका छन् । मंगलबार खाणनिकट नेताहरूसँग छलफलका क्रममा सभापति देउवाले उक्त भनाइ राखेका हुन् । 'बालकृष्ण पैसामा बिक्ने मान्छे हैन । मैले चिनेको मान्छे हो,' देउवाले खाणनिकट नेताहरूसँग भने । शरणार्थी प्रकरणमा कांग्रेस केन्द्रीय सदस्यसमेत रहेका खाण वैशाख २७ गते मैजुबहालबाट पक्राउ परेका हुन् ।

खाण पक्राउबारे पार्टीले के कसरी हेर्दै छ भन्ने विषयमा बुझ्न कांग्रेस केन्द्रीय सदस्य राधा घले, तरुण दलका अध्यक्ष विद्वान गुरुङ, तरुण दल सोलुखुम्बुका अध्यक्ष अशोक झालगायत नेताहरू मंगलबार दिउँसो देउवानिवास धुम्बाराही पुगेका थिए । पक्राउ पर्नुअघि पनि खाणले कांग्रेस नेतृत्वसँग आफूले गल्ती नगरेकोले नडराउने बताउँदै आएका थिए । आफू निर्दोष साबित गराउँछु भनिसकेकोले कांग्रेसले उनलाई कारबाही नगरेको पार्टीका प्रवक्ता एवं अर्थमन्त्री डा. प्रकाशशरण महतले बताएका थिए ।

जेठ २ गते पत्रकार सम्मेलनमा महतले भनेका थिए 'बालकृष्णजी पर्नुभएको छ । यसको निष्कर्ष आओस् न । उहाँले निर्दोष छु भन्नुभएको छ । निष्पक्ष अनुसन्धान होस् भन्ने कांग्रेसको धारणा हो ।' मंगलबारै देउवालाई खाण पत्नी मञ्जुले पनि भेटेकी थिइन् । मञ्जुले देउवासँग खाण निर्दोष रहेको उल्लेख गर्दै जोगाइदिन आग्रह गरेकी थिइन् ।

सन्दर्भ : वैदेशिक रोजगार

## विदेश जाने महिलालाई नि:शुल्क आवासीय तालिम

■ मोहनप्रसाद पन्त

**काठमाडौं-** वैदेशिक रोजगार बोर्ड सचिवालयले विदेशमा रोजगारीका लागि जाने महिलाको सीप तथा दक्षता बढाउने उद्देश्यले नि:शुल्क आवासीय तालिम सञ्चालन गर्ने भएको छ । बोर्डले वैदेशिक रोजगारीका लागि विदेश जाने तयारीमा रहेका महिलालाई सिलाइकटाइसम्बन्धी नि:शुल्क आवासीय तालिम सञ्चालन गर्ने भएको हो ।

विदेश जान चाहने महिलाहरूको सीप दक्षता अभिवृद्धि गर्न सिलाइ कटाइसम्बन्धी नि:शुल्क तालिम प्रदान गर्न लागिएको बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले जानकारी दिए । उनका अनुसार सीप सिक्न चाहने देशैभरिका महिलालाई खाने, बस्ने सुविधासहित राजधानीमा नै ३० दिने नि:शुल्क आवासीय तालिम सञ्चालन गरिनेछ ।

नि:शुल्क आवासीय तालिम सञ्चालनका लागि बोर्डले टेन्डर आह्वान गरी तालिमप्रदायक संस्था छनोट कार्य अघि बढाएको छ । बोर्डले तोकेको बजेटको अधिनमा रही छनोटमा परेका संस्थाहरूले छिट्टै तालिम सञ्चालन गर्ने पौडेलले बताए । 'हामीले सकभर धेरै महिलालाई तालिममा सहभागी गराउन सकियोस् भन्ने उद्देश्यले नि:शुल्क आवासीय सीप तालिम सञ्चालन गर्न लागेका हौं,' उनले भने, 'बजेटअनुसार तालिम दिने संस्थाहरूले कति संख्या समेट्न सक्छन् भन्ने निर्क्योल हुन बाँकी नै छ ।'




> नि:शुल्क आवासीय तालिम सञ्चालनका लागि बोर्डले टेन्डर आह्वान गरी तालिमप्रदायक संस्था छनोट कार्य अघि बढाएको छ । बोर्डले तोकेको बजेटको अधिनमा रही छनोटमा परेका संस्थाहरूले छिट्टै तालिम सञ्चालन गर्ने पौडेलले बताए ।

सबैलाई पायक पर्ने र केन्द्रबिन्दु भएकाले काठमाडौंमा नै तालिम सञ्चालन हुने उनले बताए । नेपालमा सिकेको जानेको सिलाइबुनाइ र कटिङले विदेशमा काम नगर्ने हुँदा सोहीअनुरूपको तालिम सञ्चालन गरी महिलाहरूलाई दक्ष बनाउने लक्ष्यका साथ उक्त योजना ल्याइएको पौडेलको भनाइ छ ।

तालिममा सहभागी हुन चाहने महिलाको उमेर समूह १८ देखि ३५ वर्ष र न्यूनतम कक्षा ८ उत्तीर्ण गरेको हुनुपर्ने बताइएको छ । हाल जोर्डनलगायतका देशमा गार्मेन्टमा सिलाइ कटाइसम्बन्धी रोजगारीको अवसर प्रशस्तै रहेको बोर्डले जनाएको छ । तालिम लिन चाहने महिलाहरूले बोर्डको सचिवालय वा आफ्नो जिल्लामा रहेका आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गर्न सक्ने छन् । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत देशका ३९ जिल्लामा आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्रहरू सञ्चालनमा रहेको बोर्डले जनाएको छ । सामीले पनि विभिन्न जिल्लामा नि:शुल्क आवासीय सीप तालिम कार्यक्रम सञ्चालन गर्दै आइरहेको उल्लेख गर्दै निर्देशक पौडेलले अन्य प्रकारका तालिम प्रदान गर्न आवश्यक गृहकार्य भइरहेको बताए ।

## साउदीमा थप ४५ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ४५ जना नेपाली कामदारले 'एक्जिट (बहिर्गमन) भिसा' पाएका छन् । साउदीको अध्यागमन कार्यालय (जवाजत)ले लागू गरेको नयाँ नियमानुसार हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका ४५ जनाले उक्त भिसा पाएका हुन् ।

एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले जति सक्दो चाँडो साउदी छोडिसक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ । यसरी एक्जिट भिसा प्राप्त हुने कामदारहरूमा रियादबाट प्रोसेसिङ गरेका इकामा नभएका २५ जना छन् । यसपटक रियादबाट हुरुब लागेकाहरूले एक्जिट भिसा पाएका छैनन् । यस्तै दमामबाट प्रोसेसिङ गरेका हुरुब लागेका २० जनाले भिसा पाएको उल्लेख गरिएको छ ।

हुरुब लागेका र इकामा नभएका नेपालीहरूलाई यथाशिघ्र साउदी छोड्न जानकारी दिंदै समयमै एक्जिट भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ नि:शुल्क हुने र यसबापत एक हलाला पनि कहिं कतै बुझाउनु नपर्ने दूतावासले उल्लेख गरेको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालसँग मात्रै हुने दूतावासले जानकारी दिएको छ । चालु आर्थिक वर्षको १० महिनाको अवधिमा पटकपटक गरी झण्डै दुई हजार नेपाली कामदारलाई साउदीले एक्जिट भिसा दिएको दूतावासको तथ्यांकले देखाएको छ ।




# निजामती अस्पताल २५० शयय्यामा स्तरोन्नति

**काठमाडौं (प्रस)-** निजामती कर्मचारी अस्पताल स्तरोन्नति हुने भएको छ । अस्पतालले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा अस्पतालका कार्यकारी निर्देशक डा. विधाननिधि पौडेलले चाँडै नै २५० शयया सञ्चालन गरेर अस्पताललाई स्तरोन्नति गरिने जानकारी दिए । अस्पतालमा हाल १३२ शयया सञ्चालन रहेको छ ।

'सबै संरचना तयार भइसकेको छ । नयाँ जनशक्ति चाँडै परिपूर्ति गरेर अस्पताललाई २५० शययामा सञ्चालन गर्नेछौं,' उनले भने, 'अस्पतालको स्तरोन्नतिसँगै सेवा पनि विस्तार गरिनेछ ।' एक हप्ताभित्रमा उच्च प्रविधिको अत्याधुनिक 'एमआरआई'सेवा सुरु गर्ने उनले जानकारी दिए ।

उनका अनुसार अत्याधुनिक एमआरआईले जटिल किसिमको रोगको पत्ता लगाउनका लागि परीक्षण गर्दछ । एमआरआईको प्रयोगबाट ब्रेन टयुमर, पेट, नशा र जटिल रोगको परीक्षण हुन्छ । उक्त एमआरआई उपकरणबाट शरिरको साना-साना नशा, सानो रगत नलि बन्द हुने, मुटुको एमाआइआई, पित्तनली भएका साना पत्थरी, हड्डी खिइएको जस्ता कुराका पत्ता लाग्ने छ ।

निजी अस्पतालमा उक्त सेवा भए पनि सरकारी अस्पतालमा पहिलो भएको उनको भनाइ रहेको छ । अस्पतालका निर्देशक डा. पौडेलले एमआरआईमा हेलियस ग्याँस भरेपछि सञ्चालन गरिने बताए २२ करोड रूपैयाँमा खरिद गरिएको उक्त एमआरआई उपकरण दुई महिना अघिमात्र ल्याइएको छ ।

यसैगरी अस्पतालले क्यान्सरका बिरामीको उपचारका लागि रेडियोथेरापी उपकरणसमेत ल्याउन थालेको छ । यसैगरी अस्पतालले ब्याचलर अफ नर्सिङ एण्ड क्रिटिकल केयर विषयसमेत अध्ययन गराउने भएको छ । कार्यकारी निर्देशक डा. पौडेलले यही जेठको अन्तिम सातादेखि २० जनालाई उक्त विषय अस्पतालमा अध्यापन गराइने जानकारी दिए ।

यसैगरी सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा निजामति अस्पताललाई विशिष्टीकृत चिकित्सासहितको सुविधा सम्पन्न अस्पतालको रूपामा विकास गर्दै सातवटै प्रदेशमा विस्तार गरिने उल्लेख छ ।

'यहाँ आएका बिरामीलाई अन्त्य उपचार गर्न जान नपरोस् भनेर अस्पताललाई विशिष्टीकृत बनाउन थालिएको हो,' उनले भने, 'सबै किसिमको उपचार हुन्छ । अस्पताललाई रिफरल सेन्टरको रूपमा विकास गरिनेछ ।' सबै किसिमको विशेषज्ञ सेवासहितको अस्पताल बनाउन क्षमता पनि विस्तार गरी एक हजार शयया पुरयाइने लक्ष्य लिइएको छ । चीन सरकारले बनाइदिएको उक्त अस्पतालमा २०६५ जेठ १६ गतेबाट सञ्चालन आएको हो ।

## सिंहदरबार अगाडिका अवैध संरचना हटाइयो

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाले सिंहदरबार अगाडि रहेका अवैध संरचना र अव्यवस्थितरूपमा फालिएका फोहरमैला हटाएको छ । राष्ट्रिय वाणिज्य बैंकदेखि नेपाल टेलिकम केन्द्रीय कार्यालय वरिपरिका अवैध संरचना तथा अव्यवस्थित फोहरमैला हटाएको हो ।

महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले तीन दिन अगाडिदेखि भवन वरिपरिका अव्यवस्थित फोहरमैला हटाउन माइकिङ गरेको र मंगलबार महानगरले विशेष सरसफाइ अभियान सञ्चालन गरेको जानकारी दिए ।

'सिंहदरबार अगाडिका अवैध संरचना तथा अव्यवस्थित फोहरमैला हटाएका छौं । आफ्नो घर, कार्यालय अगाडि सरसफाइ गरिदिनुहुनका लागि महानगरले अनुरोध गर्दै आएको छ । महानगरलाई स्वच्छ, सफा बनाउन सम्पूर्ण व्यक्ति जिम्मेवार हुनुपर्दछ,' उनले भने ।

सरकारी कार्यालय अगाडि अवैध संरचना तथा अव्यवस्थित फोहरमैला राखेमा जरिवाना गर्नुपर्ने विषयमा छलफल भइरहेको उनले जानकारी दिए । सिंहदरबारको पश्चिमगेट अगाडि पुलमुनी रहेका रेस्टुराँलगायतले निर्माण गरेका अवैध संरचना हटाइएको हो । महानगरले टुकुचा खोला वरपर सफा गर्नुका साथै शौचालयलगायतका संरचना हटाएको छ ।

महानगरले विभिन्न ठाउँमा प्रत्येक दिन विशेष सरसफाइ अभियान सञ्चालन गर्दै आएको बताउँदै उनले आगामी शनिबार वृक्षरोपणको कार्यक्रम गर्ने जानकारी दिए ।

## 'लोक कल्याणकारी विज्ञापनबापतको रकम रोकिन्न'

**काठमाडौं (प्रस)-** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले लोक कल्याणकारी विज्ञापनबापत मिडियालाई उपलब्ध गराउँदै आएको रकम नरोकिने बताएकी छन् । नेपाल पत्रकार महासंघ, उपत्यका प्रदेश समितिको मंगलबार ज्ञापनपत्र बुझ्दै मन्त्री शर्माले जुनसुकै हालतमा पनि लोककल्याणकारी विज्ञापनबापतको रकम उपलब्ध गराइने प्रतिबद्धता जनाइन् ।

सरकारका प्रवक्ता शर्माले भनिन्, 'अहिले रकम कटौती गरेकोभन्दा पनि विनियोजित बजेटको रकम नपुगेको हो, हामीले जेठ १ गते नै अर्थ मन्त्रालयमा पत्र पठाएर अपुग रकम माग गरेका छौं ।' अर्थबाट रकम आउने र यदि रकम नआएको खण्डमा पनि मन्त्रालयले आन्तरिक व्यवस्थापन गरेर रकम उपलब्ध गराउने उनको भनाइ छ । मन्त्री शर्माले लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको कुनै मनसाय नभएको प्रस्ट पारिन् ।

मन्त्रालय जहिल्यै पनि नेपाली मिडियाको हकअधिकारको पक्षमा भएको जनाउँदै मन्त्री शर्माले भने, 'तपाईंहरूलाई म यति विश्वास दिलाउँछु, यो रकम जसरी पनि उपलब्ध गराइनेछ ।' उनले आन्दोलनमा रहेको पत्रकार महासंघको उपत्यका प्रदेश समितिलाई आन्दोलन रोक्नसमेत आग्रह गरिन् ।

'लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको कुनै मनशाय नभएकाले तपाईंहरूले आन्दोलन नै गर्न पर्दैन्थ्यो, अब आन्दोलन रोक्न आग्रह गर्दछु । लोककल्याणकारी विज्ञापनबापतको रकम उपलब्ध गराउन सरकार प्रतिबद्ध छ,' उनले भनिन् ।

## कांग्रेसमा...

पृष्ठ १ बाट जारी

यही मेसोमा संस्थापनइतरले भने भोलि बिहीबारबाट सातै प्रदेशमा रूपान्तरण अभियान सञ्चालन गर्दै छ । रूपान्तरण अभियानको पहिलो भेला जनकपुरबाट सुरु हुँदै छ । भेला तयारीका लागि संयोजक रञ्जित कर्ण जनकपुर पुगिसकेका छन् । 'भेला तयारीका लागि म जनकपुरमा छु । मधेस प्रदेशका सबै जिल्लाका कांग्रेस नेताहरू यहाँ आउनुहुन्छ,' कर्णले प्रभावसँग भने । भेलामा कांग्रेस सुधार्नका लागि आवश्यक सुझावहरू लिइने कर्णले बताए । पार्टी सभापति शेरबहादुर देउवा विधानअनुसार नचलेपछि अहिले कांग्रेसको गतिविधि ठप्प छन् ।

अभियान सातै प्रदेशमा पुग्ने र सुझाव संकलनपछि थप कार्यक्रमहरू ल्याउने रूपान्तरण अभियानका बागमती संयोजक मधु आचार्यले बताए । अभियानको दोस्रो कार्यक्रम बागमतीको काठमाडौंमा जेठ १६ गते हुनेछ । त्यस्तै, जेठ २० गते गण्डकीको पोखरा, लुम्बिनीको दाङमा जेठ २२ गते, कर्णालीको सुर्खेतमा जेठ २४ गते, सुदुरपश्चिमको धनगढीमा जेठ २६ गते र कोशीको इटहरीमा जेठ २९ गते आयोजना हुनेछ । विश्वभर छरिएर रहेका 'डायस्पोरा'बिच भने जेठ ३१ जुम मिटिङ हुनेछ ।

### शीर्ष पदाधिकारीको खोजी

कांग्रेसमा पछिल्लो समय केन्द्रीय समितिमात्र हैन पार्टीका विभिन्न गतिविधि ठप्प छन् । पार्टीले १८ महिनाअघि २०७८ मंसिरमा भएको १४ औं महाधिवेशनमा विविध कारण देखाउँदै कांग्रेसले नीति तय गर्न सकेन । त्यतिबेला महाधिवेशन नेतृत्व चयनमा केन्द्रित भयो । आउने नयाँ कार्यसमितिले नीति अधिवेशन गर्ने गरी नेताहरू सहमतिमा पुगेका थिए । देउवाको नेतृत्वमा नयाँ कार्यसमिति आयो । देउवाको पहिलो कार्यकाल जस्तै कांग्रेस फेरि सुस्ताउन थालेको छ ।

देउवा सरकारमा छँदै गठबन्धनमा निर्वाचनमा गएको कांग्रेसले नतिजा ९२ क्षेत्रमा उम्मेदबार उठाउँदा ५७ मा मात्र जित निकाल्यो । यो जितलाई कांग्रेसले ठूलै सफलता मान्यो किनकि अघिल्लो निर्वाचनमा कांग्रेसले २३ सिट मुस्किलले जितेको थियो । निर्वाचनमा जितेपछि ढुक्कले सरकारको नेतृत्व ताकेको कांग्रेसले आफ्नो कोषाध्यक्षसमेत छान्न सकेको छैन। कांग्रेस अहिले सरकारमा सहभागी भएका कारण पनि पार्टीको काममा सुस्त हुन थालेको बताइन्छ । कांग्रेसबाट सरकारमा ९ जना सहभागी छन् । पार्टीका उपसभाति पूर्णबहादुर खड्का र प्रवक्ता डा प्रकाशशरण महतले महत्वपूर्ण मन्त्रालय सम्हालेयता पार्टीको गतिविधि ठप्प छ ।

पार्टी सभापति देउवा सुस्ताए पनि जोधाहा महमन्त्री पनि कार्यसम्पादनमा पछि परेका छन्। पार्टीको विधानअनुसार विभाग गठनदेखि पार्टीको विभिन्न कार्यक्रम तयको जिम्मेबारी महामन्त्रीको काँधमा हुन्छ । तर, महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मासमेतले यी विषयमा उदासीनता देखाउन थालेका छन् । संसद्मा देखिए पनि पार्टी महामन्त्री पार्टीका कार्यसम्पादनमा देखिएका छैनन्। 'पार्टीका विभागहरू गठनको जिम्मेवारीदेखि भ्रातृ संगठनको महाधिवेशन तोक्ने काम महामन्त्रीकै हो, तर दुवै महामन्त्री यो काममा उदासीन देखिन्छन्,' कांग्रेसका एक नेताले भने । महामन्त्रीद्वयलाई पार्टी सभापति देउवाले चुनावी संकल्पपत्र बनाउने जिम्मेबारीसमेत सुम्पेका थिए । यद्यपि, महाधिवेशनमा ८० प्रतिशत बढी मत ल्याएर जितेका देउवाको अहिले चर्को आलोचना सुरु भएको छ । पार्टी नेतृत्वको चर्को आलोचना भइरहेको देउवाको शैलीमाथि मौन बनेपछि कांग्रेस वृत्तमा दुई महामन्त्रीको खोजी सुरु भएको हो ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०७९/१२/२६ गते निम्न विवरणको Pulsar 150 cc को कालो, रातो रङ्को मोटरसाइकल गोगंबुबाट हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

धनीको नाम : राम शरण काप्रि
बाइक नं.: बा.प्र -०२-०३४ प ३३६३
च्यासिस नं.: MD2A11CXOMPG0216
इन्जिन नं. : DHXRMF95107



**Amendment Notice**

The advertisement that was published on May 22, 2023, on Prabhab National Daily through A.K. Overseas Pvt. Ltd., in which the address of Evergreen Fibreboard (Nilai) SDN BHD's (Lot Number: 286449) company address should have been Nilai Industrial Estate, 71800 Nilai Negeri Sembilan, Malaysia, and working hours per day as mentioned in the demand letter should have been 7.5 hours, has been corrected.

**A.K. OVERSEAS (PVT.) LTD.**
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027
Email: akoverseas494@gmail.com



**श्री भवानी सामुदायिक वन उपभोक्ता समूह**
**गोदावरी न.पा. ४, कैलाली**

**बोलपत्रद्वारा काठ लिलाम बिक्री सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/१०**

यस भवानी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट सङ्कलन भई घाटगद्दी गरी राखिएको सालको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| सि. नं. | जात | ग्रेड | थान | परिमाण क्यु.फि. | कैफियत |
|---|---|---|---|---|---|
| १. | साल | ए | २० | ३८३.७४ | |
| | | बि | २७ | ३००.९१ | |
| | | सि | १४ | १०८. ४९ | |
| | जम्मा | | ६१ | ७९३.१४ | |

अध्यक्ष



# कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ LT. No. : 280040 चलानी नं. ६०१९५४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 28 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ११०२/०७३/०७४ यस **DK RIVER OVERSEAS PVT. LTD.** मा कार्यरत तपसीलका कर्मचारीहरुले आफ्नो व्यक्तिगत काम विशेषको कारण कार्यालयलाई समय दिन नसक्ने भनि राजीनामा दिनु भएको हुँदा निजहरुलाई यस कम्पनीबाट आवश्यक प्रक्रिया पूरा गरी हटाइएकोले दाबी विरोधसम्बन्धी यो ७ दिने सूचना प्रकाशन गरिएको छ । साथै, आजैको मितिबाट निजहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनुहुन सम्बन्धित सबै मा अनुरोध गरिन्छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्वन्धित कुनै आर्थिक ले ना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानूनबमोजिम भई जाने व्यहोरा अनुरोध छ ।

| नाम थर | नागरिकता नं. | पद |
|---|---|---|
| गायत्री त्यौपाने | ४५३०३० | अफिस असिस्टेन्स |
| सुधा मिश्र | ४५-०१-७५-००२६९ | रिसेप्सनिस्ट |
| विरेन्द्र महर्जन | ४९६४५ | डकुमेन्टेशन अफिसर |
| लक्ष्मी महर्जन | २८-०१-७१-०४२९८ | डकुमेन्टेशन अफिसर |

Govt.Lic. No. 1102/073/074
**(डि. के. रिभर ओभरसिज प्रा.लि.)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAN EAN CHIEW & SONS INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/१०/१३ पून स्वीकृति मिति : २०८०/०२/०९ LT. No. 280034 चलानी नं. ६०१९५७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४३५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
श्रम इजाजत नं. १४६५/०७४/०७५
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



**ताम्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
**Tamreshwor saving and Credit Co-operative Ltd.**
जयबागेश्वरी ८ काठमान्डौं
फोन नं. ०१-४५८७४९५

**धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मिति: २०८०।०२।१०

तपशिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट लिएको कर्जाको शर्त मुताविक संस्थालाई तिर्न बाँकी साँवा, व्याज, मासिक किस्ता तथा हर्जाना तिर्ने सम्बन्धमा पटक पटक मौखिक तथा पत्रहरुद्वरा ताकेता गर्दा र (मिति २०७९।१२।२४) राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएको साथै सम्पर्कमा नै नरहेको हुनाले कर्जा लिंदा धितो वापत राखेको तपसिलमा उल्लेखित चलअचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुलउपर गर्नु पर्ने भएकोले सहकारी ऐन, २०७४ को परिच्छेद १४ को दफा७९ तथा सहकारी नियमावली, २०७५ को नियम ३० का साथै संस्थाको विनियम बमोजिम लिलाम प्रक्रियाद्वरा बिक्री गरिने भएकोले इच्छुक फर्म, कम्पनि तथा सर्वसाधरणले तपसीलमा लेखिएका शर्त बन्देजहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र ऋण चुक्ता गनुपर्ने अघिल्लो दिन सम्मको सावाँ, ब्याज, एंव अन्य दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो सम्पत्ति फुकुवा गरि लिन ऋणी तथा सम्बन्धित जमानीकर्ताहरुलाई पुन: जानकारी गराईन्छ । साथै धितो लिलाम बिक्रिगर्दा समेत सम्पूर्ण लेना रकम असुलउपर नभएमा ऋणी तथा जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिबाट कानून बमोजिम असुलउपर गरिने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| |
|---|
| **ऋणीको बिबरण** |
| कृष्ण बहादुर बिश्वकर्मा को बुहारी नरेन्द्र कुमार सिंह बिश्वकर्माको छोरी काभ्रेपलान्चोक जिल्ला महेन्द्रज्योती गा. बि. स. वार्ड नं १ बस्ने (ना. प्र. नं ३०-०१-७२-०१११४ काभ्रेपलान्चोक जारी मिति २०७२।०३।०३) वर्ष ३२ को **लक्ष्मी बिश्वकर्मा** । |
| **धन जमानीकर्ताको बिबरण** |
| गोपाल बिश्वकर्माको नाती कृष्ण बहादुर बिश्वकर्मा को छोरा काभ्रेपलान्चोक जिल्ला महेन्द्रज्योती गा. बि. स. वार्ड नं १ बस्ने (ना. प्र. नं ३०१२५८१० काभ्रेपलान्चोक जारी मिति २०६० ।११ ।२६) बर्ष ३९ को **नवराज बिश्वकर्मा** । |
| **सुरक्षणमा रहेको धितोको विवरण** |
| कृष्ण बहादुर बिश्वकर्मा को बुहारी नरेन्द्र कुमार सिंह बिश्वकर्माको छोरी नवराज विश्वकर्माको पत्नी **लक्ष्मी विश्वकर्मा** को नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको, साविक छालिङ गा.वि.स.वडा नं. ९ हाल जिल्ला भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं. ५ स्थित कि.न. ५०९ को जम्मा क्षेत्रफल ०-८-०-० रोपनी जग्गा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगत समेत । |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. लिलाम बिक्री सम्बन्धीत शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको कार्यालय काठमाण्डौं जयबागेश्वरी बाट रु १०००/- (फिर्तानहुने गरी) बुझाई प्राप्तगर्न सकिन्छ ।
२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
३. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धी विस्तृत जानकारी लिन आवश्यक ठानेमा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउँसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानीकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई सम्बन्धित कार्यालयमा उपस्थित हुनको लागि समेत जानकारी गराईन्छ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा (विदापश्चात् कार्यालय खुलेको दिन) सोही समयमा नै बोलपत्र खोलिनेछ ।
६. बोलपत्र पेश गर्ने व्यक्तिले बोलकबोल गरेको मुल्यको १०% (दश प्रतिशत) ले हुने धरौटी रकम यस संस्थाको नाममा Good for payment चेक वा रकमजम्मा गरेको भौचर नत्थि गरी शिलबन्दी पेश गर्नुपर्नेछ ।
७. लिलाम सकार गरेको अचल सम्पतिको स्वमित्व हस्तान्तराण सम्बन्धी सम्पूर्ण खर्च तथा लाग्न जाने शुल्कतथाअन्य दै-दस्तुर उक्त लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
८. सम्बन्धित ऋणीले लिलाम प्रकृया अगावै सम्पूर्ण रकमबुझाएमा सो कर्जा सम्बन्धी लिलाम प्रकृया रोकिने छ ।
९. लिलाम प्रक्रियामा सो जेथा कसैले सकार नगरेमा प्रचलित कानूनको अधिनमा रही यस संस्थाले आफ्नो नाममा सकार गरी लिन सक्ने छ ।



**माई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, इलाम, नेपाल**

**माई नगरपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश**

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं। • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं। विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं। • खानेपानीका मुहानहरु सदैव सफा राखौं। जथाभावी फोहोर नफालौं। • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ। • चर्पीमा मात्र दिसापिसाव गरौं । • सफासँग हात धोएर खाना खाने गरौं । • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । घरपालुवा चौपायाहरु छाडा नछाडौं तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । • सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । • जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । • व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । • राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछि नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

## अनुसन्धानको ...

पृष्ठ १ बाट जारी

बिगोससमेत हुनेगरी अभियोजन गर्न राय दिइएको प्रहरीले जनाएको छ।

शरणार्थी प्रकरणमा तत्कालीन गृहमन्त्री बालकृष्ण खाण, नेकपा एमालेका निलम्बित सचिव पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव (निलम्वित सचिव) टेकनारायण पाण्डे, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद आङटावा शेर्पा, तत्कालीन गृहमन्त्री खाणका स्वकीय नरेन्द्र केसी, सन्दीप रायमाझीसहित गिरोह केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर जोडिने देखिएको हो।

प्रहरी हिरासतमा रहेका रहेका दुलालले ओलीका स्वकीय सचिव राजेश बज्राचार्यलाई बालुवाटारमै पुगेर एक करोड रूपैयाँ बुझाएको बयान दिएका छन्। ओली प्रधानमन्त्री भएको समयमा २०७६ असोजमा उक्त रकम दिएको दुलालले बयानका क्रममा प्रहरीलाई सुनाएको बताइएको छ।

अर्को अभियुक्त भण्डारीले यस घटनामा थापाकी श्रीमती नैनकलालाई पनि एक करोड रूपैयाँ दिएको बयान दिएका छन्। सानुले रकम दिएको कुरा बालदका छोरा प्रतीक थापाको कुराबाट पुष्टि हुने आधारसमेत उनले बयानमा दिएका छन्। पुल्चोकस्थित मन्त्री

- केपी ओलीका स्वकीय सचिव राजेश बज्राचार्य, अख्तियार प्रमुख प्रेमकुमार राई र रामबहादुर थापाकी पत्नी नैनकलालाई एक एक करोड बुझाएको बयान
- थपिएको दुई दिनको म्यादभित्रमा अब जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा अभियोजन दर्ता गर्नुपर्ने
- बालकृष्णलाई जोगाइदिन मञ्जु धुम्बाराही पुग्दा खाणनिकट नेताहरूको पनि देउवासँग गुहार।

राई, टंक गुरुङ, गोविन्द चौधरी र रामशरण केसी पक्राउ परेका छन्। पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीक, इन्द्रजित राईका छोरा नीरजसहितका १७ जना फरार छन्।

### थप हाइप्रोफाइल तानिने

घटनाका मुख्य अभियुक्त दुलाल, सचिव पाण्डे र भण्डारीको बयानले थप हाइप्रोफाइलसमेत यस प्रकरणमा तानिने देखिएको छ। हाल अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख प्रेमकुमार राई, पूर्वगृहमन्त्री रामबहादुर थापा, उनकी श्रीमती नैनकला र प्रधानमन्त्री केपी शर्मा ओलीका स्वकीय सचिव राजेश बज्राचार्यसमेत यस प्रकरणमा क्वाटरमै पुगेर पैसा दिएपछि आमा र छोराको कुराकानीबाट नक्सालको एक होटेलमा भएको भेटमा खुलेको केशव दुलालले बयान दिएका छन्।

प्रहरीले बादलका छोरा प्रतीकविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ। उनको खोजी भइरहेको छ। तर, नैनकला र बादलमाथि भने प्रमाण नपुगेको भन्दै अनुसन्धान अगाडि बढाउन सकेको छैन।

उता ओलीको कार्यकालमा नै अर्थात् थापा गृहमन्त्री हुँदा गृहसचिव बनेका प्रेमकुमार राईको पनि नाम लिएको बयानमा खुलेको छ। उनले मन्त्रालयमा पुगेर रकम दिएको बताएका छन्। सानु भण्डारीले एक करोड रूपैयाँ दिएको बताएका छन्।


## कतारमा रोजगारको अवसर

**BIRLA PUBLIC SCHOOL** Qatar, Doha

पुर्व स्वीकृति मिति:२०२३/०५/२३ पत्र संख्या: ०७९/८० चलानी नं.: ६०२०१८९१ LT No. 286469

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Cleaner Worker | 00 | 02 | सम्बन्धित | 1000 | ३६३०० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Driver | 01 | 00 | काममा दक्ष | 1900 | ६८९७० | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले ब्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने कं. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**फाइनल अन्तर्वार्ता मिति २०८० जेष्ठ १७ गते (May 31, 2023) कम्पनीको कार्यालयमा हुनेछ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ०१-४१११५६०, Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३


## आठराई त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ
प्रदेश नं १, नेपाल

## विद्युतीय दुर्घटनाबाट आफू बचौं र अरूलाई पनि बचाऔं

विद्युतलाई सही ढङ्गले उपयोग गर्न सकिएन वा जानिएन भने यसले धनको क्षति पुर्याउन सक्छ। हामीले यस्ता दुर्घटनाहरु दैनिक रुपमा सुन्दै र भोग्दै आइरहेका पनि छौं। त्यसैले विद्युतीय दुर्घटनाबाट आफु बच्न र अरुलाई बचाउन तलका बुँदाहरुलाई राम्रोसँग अध्ययन गरी व्यवहारमा प्रयोग गर्नहुन अनुरोध गर्दछौं।

**क) घर भित्रको सुरक्षामा ध्यान दिनुपर्ने कुराहरु**

१. बिजुली सम्बन्धी काम गर्दा सबैभन्दा पहिला घरको मेन स्वीच बन्द गरौं।
२. खुइलिएको वा छिनेको बिजुलीको तारलाई नाङ्गो हातले नसमातौं र त्यसलाई टेपको माध्यमबाट सुरक्षित गरौं।
३. चिसो हातले बिजुलीको स्वीच खोल्न तथा बन्द गर्ने कार्य नगरौं।
४. विद्युतको दुर्घटना कम गर्न घरहरुमा अनिवार्य रुपमा अर्थिङ्ग गरौं।
५. विद्युतीय सामाग्रीहरुमा आगोको झिल्काहरु देखिएमा तुरुन्त मेन स्वीच बन्द गरौं।
६. घर भित्र बिजुलीको सामानको प्रयोग गर्दा अनिवार्य रुपमा सुख्खा चप्पलको प्रयोग गरौं।
७. घरमा बिजुलीको सामाग्रीहरु तथा प्लगहरु केटा केटीहरुले भेट्ने ठाउँमा नराखौं र टुटेफुटेका प्लगहरुलाई तुरुन्तै बदलौं।
८. बिजुलीको सामग्री खरिद गर्दा गुणस्तर चिन्न भएको मात्र खरिद गरौं।
९. एउटै मल्टिप्लगबाट धेरै विद्युतीय सामाग्रीहरु एकै पटक प्रयोग नगरौं।
१०. बिजुली सम्बन्धी पूर्ण ज्ञान नभएको व्यक्तिले विद्युतको मर्मत कार्य नगरौं।

**ख) घर बाहिरको सुरक्षामा ध्यान दिनुपर्ने**

१. विद्युतको तारहरु भुईमा झुन्डिएको लम्बिएको देखेमा तुरुन्तै सम्बन्धित निकाय (नेपाल विद्युत प्राधिकरण र स्थानीय विद्युत वितरक संस्था) खबर गरौं।
२. ट्रान्सफरर्मरको वरिपरि बच्चाहरुलाई खेल्न नदिऔं।
३. बिजुलीको पोल र स्टेयवायरमा गाईवस्तु बाँध्ने, कपडा सुकाउने कार्य नगरौं।
४. हावाहुरी, चट्याङ्ग र पानी परेको समयमा बिजुलीको पोल वा ट्रान्सफरर्मर वरिपरि नबसौं।
५. रुखका हाँगाहरुले बिजुलीको नाङ्गो तार छोएको, बिजुलीका पोलहरु ढलेका र बाङ्गिएको देखेमा तुरुन्त सम्बन्धित निकायमा खबर गरौं।
६. बिजुलीको तारमा ठोकिएर दुर्घटना हुन सक्ने भएकोले सकेसम्म बसको छतमा यात्रा नगरौं।
७. बस तथा ट्रकको छतमा सामान राख्दा बिजुलीको तारले नभेट्ने गरि राखौं।

**प्रमुख प्रशासकीय अधिकृत**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MB CHOCOLATE COMPANY FOR SWEET & PASTRIES**

पूर्व स्वीकृति मिति : २०८०/०२/०९ LT No.286496 चलानी नं२. ०२०१८८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 25 | 0 | 120 | ५१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवाशुल्क १०,०००/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ७५१/०६४/०६५
**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## रोमनीया/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KF Furniture Export Sdn Bhd**

पूर्व स्वीकृति मिति २०७९/०३/०९ LT. No. 265274 चलानी नं. ६०१८१५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 4 | 0 | 1500 | ४३५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **GUNUNG SERAYA WOOD PRODUCTS SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०३/०९ LT. No. 265332 चलानी नं. ६०१८१५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 17 | 0 | 1500 | ४३५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **INTERNATIONAL WORK FINDER (ROMANIA)**

पूर्व स्वीकृति मिति २०७९/०४/०६ LT. No. 267209 चलानी नं. ६०१८४१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 17 | 4 | 550 | १५७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housemaid | 0 | 10 | 550 | १५७९८ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४०,०००/-

कम्पनी : **MULTI PROFESSIONAL SOLUTIONS SRL (ROMANIA)**

पूर्व स्वीकृति मिति २०७९/०४/०६ LT. No. 267208 चलानी नं. ६०१८४१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 7 | 550 | १५७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housemaid | 0 | 10 | 550 | १५७९८ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४०,०००/-

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**AMCON OVERSEAS PVT LTD** श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FITSON SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ LT. No. 268974 चलानी नं. ६०१८४८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 10 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

MINAWA RECRUITMENT HR PVT LTD Govt.Lic.No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EGY CARE SERVICES**

पूर्व स्वीकृति मिति : २०८०/०२/०९ LT. No. 286505 चलानी नं. ६०२०१८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR SERVICES | 0 | 5 | 1200 | ४३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com


## तीनपाटन गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

लाम्पन्टार, सिन्धुली
बागमती प्रदेश, नेपाल

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/०२/१०)

मिति २०८०/०१/०३ गते आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित वोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र भ(द्यष्म मार्फत दर्ता भएका बोलपत्रहरूको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ)को उपनियम ७ वमोजिम सारभूत रूपमा प्रभावग्राही भएका र प्राविधिक मूल्यांकनमा सफल वोलपत्रहरूमध्येबाट न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही निम्नअनुसारको वोलपत्रदाताका वोलपत्र सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (१) वमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्वन्धित सवै वोलपत्रदाताहरूको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सुचना प्रकाशन मिति | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु.(भ्याट समेत) |
|---|---|---|---|---|
| 2080/01/03 | TRM/W/NCB/ 06/2079/080 | Woda Karyalaya Bhawan Nirman Bahubarshiya Woda No.2 | S-D Nirman Sewa/ Kamalamai -4,Sindhuli | 32,46,569.9/- |
| | TRM/W/NCB/ 07/2079/080 | Woda Karyalaya Bhawan Nirman Bahubarshiya Woda No.6 | Adhikari Construction/Tinpatan-1,Sindhuli | 34,26,061.25/- |
| | TRM/W/NCB/ 08/2079/080 | Sthaniya Tahaka Aspatal/swasthya chauki/aushadhaay bhawan nirman (naya tatha nirantarata ) -jarayotar swasthya chauki bhawan nirman | Adhikari Construction/Tinpatan-1,Sindhuli | 17,62,880.67/- |
| | TRM/W/NCB/ 09/2079/080 | Bipat Bewasthapanko lagi Bhawan | Nyasur Construction and Suppliers Ptv.Ltd/Kamalamai -5,Sindhuli | 23,89,319.59/- |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## धूलो दूधको आयात रोक

देश कृषिप्रधान तर किसानले उत्पादन गरेको दूधले मूल्य नपाइरहेको अवस्थामा भारतबाट धूलो दूध आयात गर्न गरिएको खेल निकै खतरनाक देखिन्छ । विगतमा पनि यस्तो प्रयास नभएको होइन । भारतीय दूध कम्पनी अमूललाई नेपालमा प्रत्यक्ष लगानी गर्ने बाटो खोल्ने तयारी भइरहँदा चर्को विरोध भएको थियो। विरोधपश्चात् अमूल नेपाल भित्रने बाटो बन्द भएको थियो ।

अहिले फेरि भारतबाट धूलो दूध आयात गर्नका लागि डेरी उद्यमीहरू सक्रिय रहेका छन् । समाजवादमा विद्यावारिधि गरेका कृषिमन्त्री डा. बेदुराम भुसाल छन्। यही बेलामा दुग्ध उत्पादन गर्ने नेपाली किसानहरूलाई प्रत्यक्ष मार पर्ने गरी धूलो दूध आयात स्वीकृत गर्ने तयारी हुनु कृषिमन्त्रीको समाजवादले पनि हावा खाने संकेत देखिन्छ।मुलुकमा समाजवाद स्थापना गर्न हिँडेका अनि समाजवादमा नै विद्यावारिधि गरेको कृषिमन्त्री पाउँदा पनि किसानहरूले उत्पादन गरेका कृषि उपजदेखि दुग्धजन्य उत्पादनले बजार नपाउने तर भारतबाट आएका कृषिवस्तुले बजार ओगट्ने हो भने कसरी नेपालमा समाजवाद आउन सक्ला र ? कृषिमन्त्री भुसालले यतिखेर आफूलाई कृषिमन्त्री नभएरु एउटा साधारण किसानमा रूपान्तरण गरेर हेर्ने हो भने भारतबाट धूलो दूध आयात स्वीकृत कुनै पनि हालतमा गर्नु हुन्न ।

यसअघि पनि अमूल भित्र्याउने खेलसँगै भारतको पटना डेरीले उत्पादन गरेको धूलो दूध आयातका लागि पहल नभएको होइन । अहिले पनि गैरकानूनी ढंगले भन्सारका हाकिमहरूको मिलेमतोमा धूलो दूध आयात भइरहेको छ । तर, नेपाली किसानहरूले उत्पादन गरेको दूधले भने मूल्य पाउन सकिरहेका छैनन । निकै कष्टसँग दूध उत्पादन गर्ने किसानले प्रतिलिटर ६५ रूपैयाँको हाराहारीमा पाएका छन्। तर त्यही किसानबाट खरिद गरेको दूध उपभोक्ताहरूले भने १३० रूपैयाँ प्रतिलिटर तिर्नुपरेको छ। यसले के देखाउँछ भने दूध उत्पादनमा सक्रिय किसानहरूलाई राज्यले नै पलायन गराउने नीति लिएर बसेको छ । परम्परागत कृषिबाट आधुनिक कृषिको कुरामात्र हो कि भन्ने संकेत देखिएको पनि छ । दूधको 'हव' का रूपमा रहेको चितवन, काभ्रे लगायतका जिल्लाका पशुपालन गर्ने किसानहरू क्रमशः पलायनको अवस्थामा छन् ।

यो अवस्थामा किसानहरूलाई उत्पादनमा नै जोड दिन प्रोत्साहन गर्नु पर्ने सरकार धूलो दूध आयात गर्ने योजनामा व्यापारीको चंगुलमा पर्न खोज्नु दूर्भाग्य नै हुनेछ। समाजवादी कृषिमन्त्री भुसालले कुनै पनि हालतमा धूलो दूध आयातका लागि स्वीकृत गर्नु हुँदैन। दुई–चार जना व्यापारीका लागि लाखौं किसान र कृषि व्यवसायीलाई धराशायी बनाउने खेल गर्नु मुलुकका लागिमात्र नभएर भावी पुस्तालेसमेत कष्टकर जीवन बिताउन बाध्य हुनुपर्ने छ ।

# संघीयता कार्यान्वयनका अडचन



तीर्थमान शाक्य

गाउँगाउँमा सिंहदरबार भने पनि जनताले त्यसको सही अनुभूति गर्न पाएका छैनन् । यसले गर्दा संसद्भित्र संघीयताको विरूद्धमा आवाज उठाउनेहरु नै जनताबाट निर्वाचित भएर आउन थाले । प्रदेश संरचना चाहिन्न भन्ने जनमत बढ्न थालेको छ । नेपालको संवैधानिक इतिहासमा करिब १० वर्षको अन्तरमा नयाँ संविधान आउने गरेको छ । वर्तमान संविधान आएको पनि लामो समय भएको सन्दर्भमा यसमा परिमार्जन गरिनुपर्ने माग विभिन्न कोणहरुबाट उठ्न थालेको छ ।

नेपालको संविधान २०७२ ले नेपालको शासकीय प्रणालीमा आधारभूत परिवर्तनको परिकल्पना गरेको छ । शताब्दीदेखिको केन्द्रीकृत शासन विकेन्द्रित, संघीयता ढाँचामा रूपान्तरण भएको छ । भारतमा संघीयता कार्यान्वयन भएको देखासिकीबाट नेपालमा पनि नेपाली कांग्रेसले संघीयताका बारेमा २००७ सालदेखि नै आवाज उठाए पनि त्यति महत्त्व दिएको थिएन । विशाल भूभाग र ठूलो जनसंख्या भएका कारण भारतका लागि संघीयता आवश्यकता थियो र यसको माध्यमबाट आज भारतले आर्थिक विकासमा फड्को मार्न पनि सकेको छ । खासगरी तत्कालीन नेकपा माओवादीले सशस्त्र द्वन्द्व गरेपछि नै गणतन्त्रसँगै संघीयतामा अन्य राजनीतिक दलहरू पनि सहमत भई यसलाई कार्यान्वयनमा ल्याइएको हो ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहसहित तीन तहको सरकारको व्यवस्था गरेको छ । तीन तहका सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्था संविधानमा गरिएको छ । यी तीन तहका सरकारहरूको एकल र साझा अधिकारको सूची पनि संविधानले नै तोकेको छ । संविधानको अनुसूची ५ मा संघका ३५ अधिकारको सूची दिइएको छ भने अनुसूची ६ मा प्रदेशका २१ अधिकारको सूची छ । अनुसूची ८ मा स्थानीय तहका २२ अधिकारको सूची छ ।

यस्तै, अनुसूची ७ मा संघ र प्रदशेको साझा २५ र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका साझा १५ अधिकारको सूची छ । यसरी प्रत्येक तहका एकल र साझा अधिकारका माध्यमद्वारा स्वशासन र साझा शासनको व्यवस्था संविधानले गरेको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीको विस्तृतीकरण गरेको छ । यद्यपि, धेरै अन्योलहरू र अस्पष्टता बाँकी नै रहँदा अहिले यसको आवश्यकता र औचित्यमाथि प्रश्न गर्न थालिएको छ ।

संघीयताको भावनाअनुसार काम हुन नसकेको आम टिप्पणी हुन थालेको छ । संघले त साबिकअनुसार नै काम गरेको छ । प्रदेशलाई अनुभव नहुँदा अल्मलियो । पहिलेका तीन हजार ९१३ गाविसलाई ७५३ पालिकामा त ल्याइयो । संविधानको धारा, ५७ ले राज्यशक्तिको बाँडफाँट गरी तीनै तहलाई कानुन बनाउने अधिकार पनि प्रदान गरियो तर कानुन बनाउने जिम्मेवारी वकिललाई दिइयो । कानुन सही ढंगबाट तर्जुमा भएको छैन । उपप्रमुख वा उपाध्यक्षको अध्यक्षतामा न्यायिक समितिको गठन त भयो । एक त उहाँहरूसँग कानुनको ज्ञान नै राम्रो छैन भने अर्कोतिर पालिकाको प्रमुख नै गाउँ/नगरसभाको अध्यक्ष भयो । कार्यकारी र व्यवस्थापिकाको प्रमुख एउटै व्यक्ति हुँदा कानुनको शासन हुन सकेन । स्थानीय सरकार कार्यसञ्चालन ऐन तर्जुमा गर्दा पहिलेकै जस्तो बनाइयो । संविधानले परिकल्पना गरेजस्तो कानुन आउन सकेन । अहिले वडालाई पनि बजेट त दिइयो तर स्थानीय पालिकाहरूले जनताको सेवाको काम गर्नुपर्नेमा स्वागतद्वार, भ्युटार, रंगशाला निर्माण र विलासी गाडी चढ्न थालेका छन् ।

गाउँगाउँमा सिंहदरबार भने पनि जनताले त्यसको सही अनुभूति गर्न पाएका छैनन् । यसले गर्दा संसद्भित्र संघीयताको विरुद्धमा आवाज उठाउनेहरू नै जनताबाट निर्वाचित भएर आउन थाले । प्रदेश संरचना चाहिन्न भन्ने जनमत बढ्न थालेको छ । नेपालको संवैधानिक इतिहासमा करिब १० वर्षको अन्तरमा नयाँ संविधान आउने गरेको छ । वर्तमान संविधान आएको पनि लामो समय भएको सन्दर्भमा यसमा परिमार्जन गरिनुपर्ने माग विभिन्न कोणहरूबाट उठ्न थालेको छ ।

संघीयता बचाउने हो भने कर्मचारीतन्त्र इमान्दार हुन आवश्यक छ । २०४१ सालमा ल्याइएको विकेन्द्रीकरण ऐनको पनि कार्यान्वयन सही रूपमा हुन सकेको थिएन । कर्मचारीको पदस्थापनमा पनि उसको विशेषज्ञता र इमान्दारितालाई ध्यानमा राख्नुपर्नेमा अहिले त्यो सेलाउँदै गएको छ र पटकपटक सरुवा गर्ने प्रचलन बढ्दै गयो । यी सबै घटनाक्रम र उथलपुथलले कर्मचारीहरू बिस्तारै 'एस पर्सन' बन्दै गएका छन् । निजामती सेवालाई सशक्त बनाउनका लागि कर्मचारीहरूको मनोबल दह्रो र उच्च राख्नुपर्नेमा अहिले त्यसको ठीक विपरीत भएको छ । म मुख्यसचिव भएको बेला मैले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भनेको थिएँ कि अधिकार तल दिन चाहने हो भने रक्षाबाहेक अन्य २५ मन्त्रालयलाई पाँच विकास क्षेत्रमा पाँच/पाँचवटाका दरले राखौं । हरेक महिना एक/एक विकास क्षेत्रमा मन्त्रिपरिषद्को बैठक राखौं भनेको थिएँ ।

अहिलेको एक लाख कर्मचारीमध्ये ४० प्रतिशत संघमा राखेर ६० प्रतिशत प्रदेश र स्थानीय तहमा पठाउनुपर्थ्यो तर कर्मचारीले प्रदेश र स्थानीय तहमा जान चाहेनन्, गएकाले पनि आफूहरूलाई उपेक्षित भएको महसुस गर्न थालेका छन् । संघीयताले सुशासन बिगारेको होइन । सुशासन नहुनुमा कर्मचारीको सही व्यवस्थापन गर्न नसक्नु नै मुख्य कारण हो । राजनीतिक अस्थिरतासँगै कर्मचारीतन्त्र पनि अस्थिर बन्न पुग्यो । यसले गर्दा सुशासन हुन सकेन । अहिले हरेक क्षेत्रमा राजनीतिक हस्तक्षेप हाबी भएको छ । अनावश्यक राजनीतिक हस्तक्षेपले मुलुक अधोगतितर्फ गएको छ । यस्तो हस्तक्षेप बन्द हुनुपर्छ । विकास र समृद्धि राजनीतिक दलहरूको साझा एजेण्डा बन्नुपर्छ । सुशासन कायम गर्न सरकार दत्तचित्त हुनुपर्छ ।

नेपालमा संघीयता राजतन्त्रका विरुद्ध माओवादी विद्रोहीसहित प्रमुख राजनीतिक दलद्वारा सञ्चालित जनआन्दोलनको उत्कर्षपछि मधेस आन्दोलनले उठाएका राजनीतिक मुद्दाहरूलाई सम्बोधन गर्ने क्रममा मूर्तरूपमा लिपिबद्ध हुन पुगेको हो । हामीले २००७ सालदेखि राजनीतिका कुरा गर्न थाल्यौं । २००७ सालमा राणाशासन हटाउन राजासँग मिलेर आन्दोलन गर्ने राजनीतिक पार्टीहरूलाई नै पछि राजाले प्रतिबन्ध लगाए । २०१३ सालपछि विदेशी लगानी आउन थाल्यो । २०१७ सालपछि नियन्त्रित समाजमा 'कन्ट्रोल इकोनोमी' भयो । २०४७ पछि सबै खुल्ला गर्‍यौं । सबै स्वतन्त्र भयौं । २०५२ सालदेखि माओवादी द्वन्द्वले गाउँमा सरकारको उपस्थिति हुन सकेन ।

जनआन्दोलनको बलमा २०४७ सालमा संविधान आयो तर संविधानअनुसार धेरै कानुन बन्नुपर्ने थियो । ती कानुन नै नबन्दै संविधान फेरियो । कुन विदेशी सहयोग केका लागि लिने भन्ने योजना नहुँदा जे पनि जस्तो पनि लिने र उनीहरूकै योजनाअनुसार चल्न खोज्दा केही सुधार हुन सकेन । हाम्रो माटोअनुसारको काम भएन । २०४६ देखि २०७६ सालसम्मको ३० वर्षको अवधिमा २८ वटा सरकार बने । मन्त्री फेरिएसँगै सचिव फेरिने क्रम स्थापित बन्यो । मन्त्रालयको काम मन्त्री वा सचिवलाई नै थाहा हुन छाडयो ।

विभिन्न आन्दोलनहरूले उपेक्षित वर्गलाई आफ्नो अधिकारका बारेमा उजागर गरिदियो । दुई छाक पनि राम्ररी खान नपाएकालाई ठूलो महत्त्वाकांक्षा बढायो । देशमा अवसर नभएपछि विदेश जाने क्रम बढ्न थाल्यो । मान्छेका पसिना बेचेर देश चलाउन थाल्यौं । नेपालीपनलाई जगेर्ना गर्न खोजेनौं । योजना आयोगमा बस्नेहरू पनि विभिन्न देशमा पढेर आएका हुने र उनीहरूले त्यही देशअनुसारको योजना बनाउन खोज्दा आवश्यकता एकातिर लगानी अर्कोतिर जस्तो भयो । हामीले हाम्रो मौलिकतालाई देखाएनौं । यी विभिन्न कारणहरूले जनतामा शासन प्रणालीप्रति नै वितृष्णा बढ्न थालेको छ । संघीयता बचाउने हो भने समयमै यसका पक्षधरहरू एकजुट भई काम गर्नै पर्दछ । अन्यथा विश्वका कतिपय देशहरूमा जस्तै संघीयताबाट मुलुक पुनः केन्द्रीयकरणतर्फ नजाला भन्न सकिन्न ।

भ्रष्टाचार नियन्त्रण गर्नुभन्दा पनि भ्रष्टाचार किन भयो भनी अध्ययनको खाँचो छ । धेरै कारणमध्ये कर्मचारीको तलब अति नै न्यून हुनु पनि एउटा हो । अहिले भएका बिदा, सवारीसाधन, औषधि उपचार तथा अन्य सुविधा घटाएर धेरै काम लगाउने र पारिश्रमिक पनि पाँच गुना बढाउनुपर्ने देखिन्छ । कर्मचारी र यसका परिवारको बिमा गराउन सकिन्छ । निवृत्तिभरणलाई पनि योगदानमा आधारित गरौं भन्ने मेरो प्रस्ताव थियो । बल्ल अहिले निवृत्तिभरणचाहिँ योगदानमा आधारित गर्न थालिएको छ ।

कर तिर्न बाध्यकारी नगरी स्वयम्सेवा गरौं, तेस्रो पक्षलाई ठेक्कामा पनि दिन सकिन्छ । बढी कर तिर्नेलाई राज्यले पुरस्कार, पदक प्रदान गरी उच्च कदर गर्न सक्छ । उनीहरूले तिरेको रकमका आधारमा विशेष सम्मान, सहुलियत, सुविधा र आवश्यक परे सुरक्षाकर्मी दिन सकिन्छ । अहिले सरकारी तलब पनि खाने अनि पदक, सम्मान, सुविधा पनि आफैं लिने काम भएको छ । पहिले सुशासन भएन भनेर शासन प्रणाली फेरियो तर सुशासन हुन सकेन ।

मुलुकमा सुशासन कायम गर्न घर परिवारबाटै सुरु गर्नुपर्ने हुन्छ । मानिसलाई आध्यात्मिक चेतनाको जागृत गराउन आवश्यक छ । त्यसैले अभिभावकहरूले भोलिको पुस्तामा देशप्रेमको भावना ल्याउन छोराछोरी, नातिनातिनाहरूलाई बाल्यकालदेखि नै आ-आफ्ना धर्म परम्पराअनुसार महिनामा दुई/चारपटक धार्मिक आस्थाका केन्द्रहरूमा लगेर धार्मिक चेतना जागृत गराउन आवश्यक छ । अबको २० वर्षपछि २१औं शताब्दीको अन्त्यसम्ममा नेपालीलाई हामी नेपाली हो, हामीले नै नेपाल बनाउनुपर्छ भन्ने विश्वास र आशा दिलाउन आवश्यक छ । नाम भएमा दाम आउँछ, दाम भएर पनि नाम नआउन सक्छ । नाम ठूलो कुरा हो, दाम जहिले पनि कमाउन सकिन्छ भन्ने भाव हरेक नेपालीमा आउन नसकेसम्म सुशासन, भ्रष्टाचार नियन्त्रण जस्ता कुरा गर्नुको कुनै अर्थ हुँदैन ।

*(नेपाल ल सोसाइटीका अध्यक्ष एवं कानुनी क्षेत्रको विज्ञका रूपमा विभिन्न अध्ययन–अनुसन्धानमा संलग्न शाक्यसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित ।)*

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमशः

पत्र–मञ्जुषा

## वित्तीय संकटको मारमा जनता

आफूले जीवनभर दुःख गरेर कमाएको वा घरजग्गा, गाडी, सेयरलगायत चलअचल सम्पत्ति बेचेर आएको रकम सर्वसाधारण जनताले बैंक तथा वित्तीय संस्थामा सुरक्षित हुने आशका साथ जम्मा गरे । तर, बचतकर्ताले सहकारीमा राखेको रकम सहकारी डुबे भनेर भाग्ने त बैंकमा राखेको रकम बैंककै कर्मचारी खाताबाट चोर्ने ।

अहिले एभरेष्ट बैंक र माछापुच्छ्रे बैंकका कर्मचारीले बचतकर्ताको रकम चोरेको कुरा प्रमाणित भएपछि अन्य बैंकमा पनि बचतकर्ताको रकम चोरी गर्ने गरेको सर्वसाधारणमा आंशका उत्पन्न भएको छ । हुन त बचतकर्ताहरू पहिला पनि बैंकबाट आफ्नो रकम हराएको भन्थे । तर, यसतर्फ कसैको पनि ध्यान गएको थिएन । अहिले एभरेष्ट बैंक र माछापुच्छ्रे बैंकबाट बचतकर्ताको रकम हराएको वा चोरी भएको प्रमाणित भएपछि बचतकर्ताहरूले झन् बैंकप्रति विश्वास गर्न छोडेका छन् । साथै, बैंकको यस्तो ठगीधन्दा पनि पर्दाफास भएको छ ।

अब सरकारी नै होस् या निजी बैंक । सर्वसाधारण आफूसँग भएको रकम जम्मा गर्दैनन् । त्यसैले, अहिले बैंक तथा वित्तीय संस्थामा पैसा निकाल्नेको भीड छ, तर राख्ने कोही छैन । यता बैंकहरूको यस्तो ठगीधन्दाको पर्दाफास भएपछि बैंकबाट आफ्नो रकम नपाएका बचतकर्तालाई रातमा निद्रा कि दिनमा भोक भएको छ ।

अहिले बचतकर्ताहरू आफ्नो रकम निकाल्नका लागि बैंकमा लाख रूपैयाँको चेक लिएर गएमा बैंक १० हजार फिर्ता गर्न सक्दैन । उता सहकारीमा झनै २० हजारको चेक लिएर गएरमा १०० रूपैयाँ फिर्ता दिइँदैन । सर्वसाधारण जनताको मनमा अहिले बैंक तथा वित्तीय संस्था ठग, चोर र दलाली हुन् भनेर परिसकेको छ ।

त्यसैले, उनीहरूले बैंक तथा वित्तीय संस्थामाथि विश्वास गर्न छोडिसकेका छन् । यसरी बैंक तथा वित्तीय संस्थाका घुसिया अध्यक्ष, सञ्चालक र कर्मचारीका कारण आज जनताको पैसा त डुब्यो नै बैंक तथा वित्तीय संस्थाको बदनाम समेत भयो । पछिल्लो समय सहकारीका अध्यक्ष, सञ्चालक र कर्मचारी बचतकर्ताले कुटपिट गर्ने डरले लुकीलुकी हिडिँरहेका छन् ।

३५ हजार बढी सहकारीमा ९८ लाख जनताको २० खर्ब रकम डुब्यो । अब बैंकमा झन् करोडौं जनताले बचत गरेको खर्बौं रकम डुब्नेछ । अधिंकाश सहकारी पछिल्लो समय भागिसकेका छन् वा डुबिसकेका छन् । तर, अब पालो बैंकमा नसर्ला भन्न सकिन्न ।

अहिले बजारमा सर्वसाधारण जनताको कुराकानी सुन्दा बैंक तथा वित्तीय संस्था टाट पल्टिनुको कारण घरजग्गा, गाडी र सेयर हो । जग्गा दलालीहरूले खेतीयोग्य जमिन खण्डीकरण गरेर आनाको पाँच हजारमा बिक्री नहुने जग्गा आनाकै ८० लाखमा बेचे । उता भारतमा एक लाखमा पाइने सवारीसाधन गाडी बेच्ने कम्पनीले नेपालमा ४० लाखसम्ममा बेचे त बैंकले सय रूपैयाँ कित्तामा निष्कासन गरेको सेयर दलालीहरूले ३२ सय सम्ममा बेचे । सर्वसाधारण जनतालाई दलालीहरूले यसरी फसाए कि कुनै सीमा नै रहेन । पछिल्लो समय घरजग्गा, गाडी र सेयरको कारोबारमा मन्दी आएको छ । त्यसैले, यी क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्था टाट पल्टिनुपर्ने अवस्थामा पुगेका हुन् ।

*–रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मधेस प्रदेश सरकारमा थपिए तीन मन्त्री



**जनकपुरधाम (प्रस)–** जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको मधेस प्रदेश सरकार विस्तार गरिएको छ । नेकपा एमाले सरकारबाट बाहिरिएको डेढ महिनापछि मंगलबार नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीसहित सरकार विस्तार गरिएको हो ।

मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा कांग्रेसबाट प्रदेश संसदीय दलका नेता कृष्ण यादव र वीरेन्द्रप्रसाद सिंह तथा एकीकृत समाजवादीबाट संसदीय दलका नेता गोविन्दबहादुर न्यौपाने सरकारमा नयाँ जिम्मेवारीसहित सहभागी थिए । कांग्रेसका यादव भौतिक पूर्वाधार तथा विकास, सिंह स्वास्थ्य तथा जनसंख्या र समाजवादीका न्यौपानेलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

मंगलबार मधेस भवनमा आयोजित एक विशेष समारोहमा प्रदेश प्रमुख हरिशंकर मिश्रसमक्ष तीनै जना मन्त्रीले पद तथा गोपनीयताको शपथ लिए ।

संघमा सत्ता गठबन्धन फेरबदल भएसँगै गत चैत २१ गते नेकपा एमाले मधेस प्रदेश सरकारबाट बाहिरिएको थियो । मधेस-प्रदेश सरकारमा सहभागी एमालेका चार मन्त्री र एक राज्यमन्त्रीसहित पाँच जनाले मुख्यमन्त्री यादवसमक्ष सामूहिक राजीनामा दिएका थिए । एक मन्त्री पाउने सहमति भए पनि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सरकारमा सहभागी भएको छैन ।

# बागमतीका अर्थमन्त्री लामाले पेस गरे बजेटको सिद्धान्त र प्राथमिकता

**मकवानपुर–** बागमती प्रदेशसभाको दोस्रो कार्यकालको १२औं बैठक मंगलबार यहाँ सुरु भएको छ । उक्त बैठकमा बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामाले प्रदेश सरकारका तर्फबाट प्रस्तुत हुने विनियोजन विधेयक २०८० को सिद्धान्त र प्राथमिकता सम्बन्धी वार्षिक प्रतिवेदन प्रस्तुत गरे ।

सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेशभित्र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका साथै शिक्षालाई दक्ष तथा उत्पादनमूलक बनाउने र रोजगारीलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लैजाने उद्देश्य रहेको उनले उल्लेख गरे । मन्त्री लामाले प्रदेशका विपन्न नागरिकको आयआर्जन र उत्पादनका लागि प्याकेज कार्यक्रम सञ्चालन गरिने र साना उद्यमीहरूलाई उद्योग सञ्चालनका लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराउनेतर्फ जोडदिइएको बताए ।

संघीय सरकारले मुलुकमा आर्थिक समृद्धितर्फ राजस्व संकलनलाई उच्च प्राथमिकतामा राखेको स्मरण गराउँदै उनले प्रदेश सरकारले पनि राजस्व संकलनलाई वैज्ञानिक प्रक्रियाअनुसार वृद्धि गर्ने लक्ष्यका साथ काम गर्ने बताए । प्रदेशमा बाढी, पहिरोबाट पीडितलाई तत्काल उद्धार गरी राहत वितरण गर्न प्रदेश सरकारले सम्बन्धित जिल्ला प्रशासनमार्फत समन्वय उद्धार कार्यलाई तीव्रता दिने गरी नीति तर्जुमा गरिएको मन्त्री लामाले स्पष्ट पारे ।

उनले आगामी वर्षका लागि सरकारले ल्याउन लागेको नीति तथा कार्यक्रम र बजेटको सैद्धान्तिक विषय र प्रदेशसभाको पूर्णबैठकमा दफावार छलफलमा उठेका सुझाव र निर्देशनलाई सरकारले मार्गदर्शनका रूपमा ग्रहण गरेर बजेट कार्यान्वयन गराइने बताए । उक्त बैठकमा मन्त्री लामाले विनियोजन विधेयक २०८० को सिद्धान्त र प्राथमिकतामा दफावार छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गरेका थिए ।

उक्त विधेयकमाथि आज बुधबारको पूर्ण बैठकमा दफावार छलफल हुने प्रदेशसभाका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिए । बैठकमा सभामुख भूवनकुमार पाठकले नियमित बैठक बस्ने क्रममा सभामुख उपसभामुखसमेतको अनुपस्थितिमा प्रदेशसभामा दलगत रूपमा प्रतिनिधित्व गर्ने प्रदेशसभाका सदस्यहरू, अमृता नेपाल, लक्ष्मी घिमिरे, भारती पाठक र हरिप्रभा खड्की श्रेष्ठलाई बैठक सञ्चालनका लागि मनोनयन गरेकामा बैठकले स्वीकृति जनाएको थियो । प्रदेशसभाको बैठक आज बिहान ११ बजे बस्दै छ । *रासस*


## माईग्रेसन हराएको सूचना

मिति २०८०/०१/२५ गते बालाजुदेखि नेपालटारसम्म जाँने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : आदर्श रमण ढकाल**
**रजिस्ट्रेसन.नं.: ७४७७२१००१**
**ठेगाना.: तार्केश्वर-११, काठमाडौं**
**सम्पर्क: ९८५१२७५४३४**

## माईग्रेसन हराएको सूचना

मिति २०७८/१२/२५ गते किर्तिपुरदेखि रत्नपार्कसम्म जाँने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : दिपक लामिछाने**
**रजिस्ट्रेसन.नं.: ७८३६०१०१०**
**सिम्बोल.नं.: २३६००००९**
**ठेगाना.: मध्यविन्दु न.पा १५, नवलपुर**
**सम्पर्क: ९८०१६२०६९२**



## हार्दिक श्रद्धाञ्जली

जन्म २०१५/०१/०७



स्वर्गारोहण २०८०/०१/१६

**स्व. ललित थापा मगर**

जैमीनी १०, बिहारथला, बाग्लुङ्ग निवासी **ललित थापा मगर**को अल्पायुमै भएको निधनले हामी असाध्यै मर्माहित भएका छौं । यस दुःखद घडीमा उहाँको दिवंगत आत्माप्रति चिर शान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्रीमती : सन्तु थापा
छोराहरुः निराजन थापा, निशान थापा, निमार्ण थापा
बुहारीहरु : सिता थापा, सोनु थापा मगर
जेठा दाई र भाउजु : विर बहादुर थापा र प्रेमीका थापा
साईला भाई र बुहारी : बिर बहादुर थापा र पवित्रा थापा
कान्छा भाई : एल.वि थापा
बहीनी र ज्वाई : गुमा थापा र सुर्य बहादुर श्रीस
बहीनी र ज्वाइ : थुमा थापा र रुद्र बहादुर पुन

**समस्त न्याङ मगर परिवार**
**जैमीनी नगरपालीका पाही**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALFA GULF CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०८०/०२/०७ | LT. No. 286292 | चलानी नं. ६०२०१८७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 2 | 0 | 1300 | ४५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scaffolder | 2 | 0 | 1500 | ५२,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ZEYADI GROUP FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 275291 | चलानी नं. ६०१९०८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 2 | 0 | 1500 | ५२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०१/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 285669 | चलानी नं. ६०२०११२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Compositor | 50 | 0 | 1500 | ५२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scaffold Erector | 50 | 0 | 1500 | ५२,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFNAN MOHAMMED SALEH MADKHALI GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७८/०४/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 242466 | चलानी नं. ६०१६०७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 2 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CALCBASE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 284059 | चलानी नं. ६०१९९५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAN KOK LEYONG NURSERY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 269515 | चलानी नं. ६०१८५३९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 45 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUHAMMAD JARALLAH BIN HAMAD AL-QUWAIE FARM FOR AGRICULTURE

पूर्व स्वीकृति मिति : २०८०/०१/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 285332 | चलानी नं. ६०२००८४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 23 | 0 | 1200 | ३१,९३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Truck Driver | 3 | 0 | 1800 | ६२,९०० | | | | | | | |
| 3 | Small Truck Driver | 1 | 0 | 1800 | ६२,९०० | | | | | | | |

कम्पनी : INNOVATION PROGRESS CHEMICAL FACTORY

पूर्व स्वीकृति मिति २०८०/०१/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 284896 | चलानी नं. ६०२००३०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 2 | 0 | 1800 | ६३,३१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Upload And Download Operator | 2 | 0 | 1400 | ४९,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कोशी प्रदेश, धनकुटा, नेपाल

## जनहितमा जारी सन्देश

### उद्योग तथा व्यवसायका लागि

१. विक्रेताले विक्री वितरण हुने समानको मूल्य सूची स्पष्ट रुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नुपरेमा अनिवार्य रुपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुयाउने वस्तु तथा सेवाको बिक्री बितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएकफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

# प्रभाव दैनिक

रूपशाला

बुधबार, १० जेठ २०८० (Wednesday, May 24, 2023)


## फस्टलुकमा ओभर द मुन

युबी मिडिया इन्टरटेनमेन्टको व्यानरमा निर्माण भएको सर्ट फिल्म 'ओभर द मुन'को फस्टलुक सार्वजनिक भएको छ। अभिनेत्री तथा निर्मात्री शुभेच्छा थापाको निर्देशन रहेको फिल्मको पोस्टरमा प्रमुख दुई पात्र समीप निरौला र उमेश खड्कालाई प्रस्तुत गरिएको छ। फिल्ममा शुभेच्क्षा थापा, समीप निरौला, उमेश खड्का, बिम्ली सुशीला निरौला, रश्मी भट्ट, भगवान भण्डारी, सुरेश पुडासैनी, सहारा खड्का क्षेत्री, चन्द्र गुरूङ, रोशनी न्यौपाने, मन महर्जन, रेखा केसी, निकिशा श्रेष्ठ, भरत जिम्बा, गौरव हमाल, बिस्वल न्यौपाने, आकांक्षा गुरूङ र गोपाल ढुंगानाको अभिनय छ। फिल्ममा बाल कलाकारद्वय रक्षा दाहाल र रोहन भट्टराईको पनि अभिनय छ।



# 'गोर्खा वारियर'को प्रिमियर लन्डनमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'गोर्खा वारियर'को प्रिमियर बेलायतकै सान मानिएको लिसेस्ट स्क्वायर लन्डनको 'आईम्याक्स सिनेवर्ल्ड'मा गरिने भएको छ। त्यहाँ नेपाली चलचित्रकै इतिहाँसमा पहिलो पटक यो चलचित्र रेड कार्पेट प्रिमियर गर्न लागिएको हो । यो प्रिमियर सन २०२३ सेप्टेम्बर १० आईतबार गरिने आयोजक चाम्स इन्टरटेनमेन्टले जनाएको छ । यो प्रिमियरमा दुई हजार दर्शकलाई चलचित्र 'गोर्खा वारियर' देखाईने यस चलचित्रका निर्माता एवम् निर्देशक मिलन चाम्सले बताएका छन् ।

मँगलबार काठमाडौंमा पत्रकार भेटघाट आयोजना गर्दै निर्देशक मिलन चाम्सले भने,'नेपाली चलचित्रलाई विश्वब्यापी बजारमा पुऱ्याउने नेपालीहरूले देखेको सपनालाई चलचित्र 'गोर्खा वारियर' मार्फत अब साकार पारिने भएको छ । नेपालीहरू शाहसीको रूपमा विश्वमा चिनाउन सफल नेपाली गोर्खा सैनिकको बीरगाथामा यो चलचित्र आधारित रहेको छ।'

यसरी लिसेस्ट स्क्वायर लन्डनको 'आईम्याक्स सिनेवर्ल्ड' मा गरिने चलचित्र 'गोर्खा वारियर'को यो प्रिमियरमा हलिउडका विभिन्न सेलिब्रेटीहरू, हलिउडकै फिल्म डिस्ट्रिब्युटरहरूसँगै बेलायतका राजपरिवार, सांसदहरू, स्थानीय निकाय प्रमुखहरू, बेलायती सैनिकका जनरल, बृटिस गुर्खा सैनिकका विभिन्न ओहदाका अफिसरहरू, बेलायतमा रहेको नेपाली राजदुतावास, काउन्सिलका पदाधिकारीहरू, विभिन्न सरकारी र गैर सरकारी संघ संस्था एवम् निकायका उच्च ओहदाका व्यक्तित्वहरूलाई निमन्त्रणा गरिएको छ। यस्तै नेपालबाट नेपाल सरकारका विशिष्ट व्यक्तिहरूलाई पनि सो प्रिमियरमा निमन्त्रणा गरिएको जानकारी गराउँदछौं ।

निर्देशक चाम्सका अनुसार यसरी लिसेस्ट स्क्वायर लन्डनको 'आईम्याक्स सिनेवर्ल्ड'मा चलचित्र 'गोर्खा वारियर'लाई रेड कार्पेट प्रिमियर गर्नुको उदेश्य नेपाली चलचित्रलाई विश्व बजारमा पुऱ्याउनु नै हो,'यो प्रिमियरको खर्च निकै छ । जसबाट एउटा नेपाली चलचित्र नै निर्माण गर्न सकिन्छ । तथापि नेपाली चलचित्रलाई विश्व बजारमा पुऱ्याउनका लागि मार्केटिङको यो बाहेक अरु बिकल्प हामीले देखेनौं ।'

हलिउडको ३०० मिलियन अमेरिकी डलरमा बनेका सिनेमा पनि लिसेस्ट स्क्वायर लन्डनको 'आईम्याक्स सिनेवर्ल्ड'मा प्रिमियर हुन्छ। नेपाली चलचित्रलाई त्यहाँ प्रिमियर गर्न आफुले २० वर्ष अघि देखेको सपना बल्ल पुरा हुन लागेको पनि निर्देशक चाम्सले कार्यक्रममा बताए,'यो नेपाली चलचित्र उधोगकै लागि गौरवको कुरा हो । अर्को तर्फ अन्तराष्ट्रिय बजारमा नेपाली चलचित्रलाई पुऱ्याउनका लागि यो अन्तराष्ट्रिय स्तरकै उपयुक्त विषयबस्तु भएकाले पनि हामीले यो शाहस गरेका हौं।'

यसरी लिसेस्ट स्क्वायर लन्डनको 'आईम्याक्स सिनेवर्ल्ड'बाट सुरु भएको चलचित्र 'गोर्खा वारियर'को प्रिमियरलाई सेप्टेम्बर महिना भरी निरन्तरता दिईने भएको छ । तसर्थ सेप्टेम्बर २०२३ लाई 'गोर्खा वारियर'को प्रिमियर महिनाको रूपमा मनाईने भएको छ । यो चलचित्रलाई बेलायतपछि हङकङ, सिँगापुरलगायत विभिन्न देशमा पनि सेप्टेम्बर महिनाभरी प्रिमियर गर्ने तयारी भईरहेको पनि निर्देशक चाम्सले जानकारी गराए । सो पत्रकार सम्मेलनमा बोल्दै कलाकार बिजय लामाले आफुले अहिलेसम्म काम गरेको चलचित्र मध्य गोर्खा वारियर सबैभन्दा ठुलो महत्वको चलचित्र भएको बताए ।

सन १९४९ को 'मलाया इमरजेन्सी जँगल वार'मा गोर्खाली सैनिकको शाहसिक युद्धकथालाई यो चलचित्रमा उतारिएको छ । चलचित्र गोर्खा वारीयर नेपाली, अँग्रेजी र हिन्दी गरी तीन भाषामा रिलिज हुँदैछ। यो फिल्मलाई हलिउडको बितरक कम्पनीले विश्वव्यापी वितरण गर्दै छ । यसको हिन्दी र अँग्रेजी सँस्करण पनि अन्तिम तयारी अबस्थामा छ ।

चलचित्र 'गोर्खा वारियर'को पोष्ट प्रोडक्सनको कार्य यतिबेला भारतको मुम्बई र बेलायतको लन्डन स्थित स्टुडियोमा भईरहेको छ। यो चलचित्रलाई हलिउड स्तरको बनाउने प्रयास भईरहेको पनि उनले बताए । यस अघि टिजर रिलिजपछि राम्रो हाईप बनाएको चलचित्रलाई अब लन्डनबाट गरिने प्रिमियरले विश्वव्यापी चिनाउने पनि उनले बताए।

'वार' जनरामा निर्माण भएको यो चलचित्रबाट नायक रितेश चाम्सले डेव्यु गरेका छन् । रितेशसँगै 'गोर्खा वारियर'मा बिजय लामा, रेविका गुरुङ, रियर राई, शिशिर बाङ्देल, कविता आले, बिरूप घले, सारा राईलगायतका विभिन्न कलाकारको अभिनय रहेको छ।

'गोर्खा वारियर'मा मिलन चाम्स र गिरिराज घिमिरेको लेखन, मिलन श्रेष्ठको सम्पादन, सुदीप बरालको डीओपी, हिमाल केसीको द्वन्द्व निर्देशन, शैलेन्द्र खनाल 'शरद'को गीत, एलिस कार्कीको संगीत, राजेशपायल राईको गायन, राजेन्द्र मोक्तानको रँग सँयोजन रहेको छ। यो चलचित्रको हिन्दी भर्सनमा भारतीय गायक सानको स्वरमा गीत रहेको छ। यो चलचित्रमा युद्धसँगै गोर्खाली सैनिकको परिवारसँग बिछोडिँदाको मार्मिक कथा पनि समेटिएको छ।

लन्डन सिनेआई प्रोडक्सनको प्रस्तुति र चाम्स इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको यो चलचित्रको निर्मातामा मिलन चाम्स, सुस्मिता वाइवा, सुमन राई छन् ।



# नीरफूलको 'लिरिकल भिडियो' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही जेठ २६ गते प्रदर्शन गरिने चलचित्र 'नीरफूल' को 'लिरिकल भिडियो' सार्वजनिक गरिएको छ। हाइलाइट्स नेपालको युट्युब च्यानलमार्फत सोमबार सार्वजनिक गरिएको भिडियोमा रुवी भ्यालीको प्राकृतिक दृश्यसँगै विपत्तिपछि एउटा परिवारमा आएको हलचल प्रस्तुत गरिएको छ।

चलचित्रमा विसं २०७२ को भूकम्पमा परेर परिवारका सदस्य गुमाएको कथाबस्तु समेटिएको छ। प्रस्तुत गीतमा राजेश पायल राईको स्वर र चन्द्रकुमार दोङको संगीत रहेको छ। सेलो सङ्गीतमा आधारित गीतको लिरिकल भिडियोमा दयाहाङ राई आफ्नो परिवारसँग रमाइरहेका देखिन्छन् तर भूकम्पपछि परिवारका सदस्य गुमाउनुपर्दाको दुःख र पीडाहरू पनि प्रस्तुत गरिएको छ।

दयाहाङ राई, बुद्धि तामाङ, शान्ति वाइबा, जिग्मे छ्योकीको अभिनय रहेको यस चलचित्रको निर्देशन फूलमान वलले गर्नुभएको हो। पटकथा लेखकसमेत रहेका निर्देशक वल यो चलचित्रमा भूकम्पले तोडेको सम्बन्धलाई जोड्न गरिएको प्रयत्न हो भन्छन्। 'कन्टेन्ट' प्रधान चलचित्रका रूपमा रहेको 'नीरफूल' मा विगतको त्यो त्रासदीपूर्ण भूकम्पमा आफूले पनि भोग्नुपरेको पीडालाई स्मरण गर्दै दर्शकले रुचाउनेमा उनको अपेक्षा छ।

धादिङको रुवीभ्याली र रसुवाको स्याफ्रुबेसीसँगै काठमाडौंमा छायांकन गरिएको यस चलचित्रमा अभिनेत्री रेखा थापाको विशेष भूमिका रहेको छ। प्रमोद कार्कीले खिच्नुभएको यस चलचित्रमा सचिन घिमिरे एशोसिएट निर्देशक, निमेष श्रेष्ठको सम्पादन एवं अर्जुन पोखरेल तथा चन्द्रकुमार दोङको सङ्गीत रहेको छ।

नेपाल-म्यानमार फ्रेन्डसीप काउन्सिलसँगको सहकार्यमा सेलो प्रोडक्सनले निर्माण गरेको यस चलचित्रमा पुष्कर गुरुङ, राजन खतिवडा, सरोज अर्याल, सरिता गिरी, लक्ष्मी बर्देवा, मानस राज, रोशन फ्युबालगायतको पनि अभिनय छ। सोनाम डोमा कार्यकारी निर्माता रहेको यस चलचित्रमा निर्माताका रूपमा कतारबाट माया केसी, बेलायतबाट दीपक श्रेष्ठ, इजरायलबाट चन्द्रमाया तामाङ, जापानबाट उदय लामा, अमेरिकाबाट रोज लामा र ईन्द्र तामाङ, कोरियाबाट दिनेश लम्तरी मगर र नेपालबाट अजितमान तामाङ, दिजेश श्रेष्ठ, तेन्जिन सोनाम लामा, गणेश थापा, अशोक थापा र विके श्रेष्ठलगायत छन्।

# 'नांगो गाउँ'मा दयाहाङको नेता अवतार

■ प्रभाव संवाददाता

**काठमाडौं** – दीपेन्द्र लामाको लेखन तथा निर्देशन रहेको फिल्म 'नांगो गाउँ'मा अभिनेता दयाहाङ राईले नेताका रूपमा अभिनय गरेका छन्। ३३ दिनमा छायांकन सकिएपछि फिल्म युनिटले दयाहाङको नेता अवतारको तस्बिर सार्वजनिक गरेको हो।

फिल्मको छायांकन काभ्रेको बेथानचोक गाउँपालिकाका विभिन्न क्षेत्रमा गरिएको छ। मनिषमा फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा दयाहाङ राई, मिरुना मगरर, कर्मा, साम्राज्ञी राज्यलक्ष्मी शाह, शिशिर वाङ्देल, बुद्धि तामाङ, रविन्द्र झा, विशाल पहाडी, अंकित खड्का, राज थापा, कमलमणि नेपाल, पुष्कर गुरुङ, घनुभाइ जोशी, निमा पाण्डे लगायतका कलाकारको अभिनय छ।

हिमाल शर्माको प्रस्तुतीमा तयार भएको फिल्ममा जय श्रेष्ठ निर्माताको रूपमा छन्। यो फिल्मलाई भदौको २९ गतेबाट रिलिज गर्ने घोषणा निर्माणपक्षले गरिसकेको छ। फिल्ममा आलोक शुक्लाको छायांकन, बनिष शाहको सम्पादन छ।

यो फिल्मलाई लिएर देश तथा विदेशमा रहेका दर्शकमा प्रतिक्षा छ। यहीकारणले गर्दा पनि फिल्मको विदेश राइट्स विक्री भैरहेको छ। निर्देशक लामाले निर्देशन गरेको '२ नम्बरी' फिल्म गतबर्ष सुपरहिट भएको थियो।

यस्तै, यो बर्ष आयोजना भएको 'सिने सर्कल अवार्ड'मा निर्देशक लामाले उत्कृष्ट निर्देशकको अवार्ड फिल्म 'गोपि'बाट प्राप्त गरेका थिए। फिल्म 'नांगो गाउँ'लाई आरआर फिल्मस्ले वितरण गर्दै छ।



# लगातार दोस्रो जित निकाल्दै नेपाल सेमिफाइनलमा

## समूह विजेताका लागि आज नेपाल र भारत भिड्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल घरेलु भूमिमा जारी एनएससी-काभा अन्तर्राष्ट्रिय महिला भलिबल प्रतियोगितामा लगातार दोस्रो जित हात पार्दै सेमिफाइनल प्रवेश गरेको छ। राष्ट्रिय खेलकुद परिषद (राखेप) को कभर्डहलमा मंगलबार भएको खेलमा बंगलादेशलाई हराउँदै नेपाल एक खेल अगावै सेमिफाइनल प्रवेश गरेको हो।

घरेलु समर्थकको साथ पाएको नेपालले बंगलादेशलाई ३-० को सोझो सेटमा हराएको हो। नेपालले बंगलादेशलाई २५-१०,२५-८ र २५-९ ले हराएको हो। जितसँगै समूह 'ए' को नेपालले ६ अंक जोडेको छ। समान ६ अंक नै भएको भारत पनि यस समूहबाट सेमिफाइनल प्रवेश गरेको छ। दुई खेलमा जितबिहिन बंगलादेश र किर्गिस्तान भने समूहचरणबाट बाहिरिएका छन्।

अब नेपालले तेस्रो खेलमा बुधबार भारतको सामना गर्नेछ। भारत र नेपालको खेलबाट समूहको विजेता र उपविजेताको टुंगो लाग्नेछ। प्रतियोगिता अन्तर्गत नै मंगलबार भारत र काजकिस्तानले जित निकालेका छन्। मंगलबारको पहिलो खेलमा भारतले किर्गिस्तानलाई ३-० को सोझो सेटमा हराएको हो।

भारतले किर्गिस्तानलाई २५-१७,२५-८ र २५-८ ले हराएको हो। दोस्रो खेलमा किर्गिस्तानले श्रीलंकालाई ३-१ को सेटमा हराएको थियो।

काजकिस्तानले श्रीलंकालाई २५-१६,२८-२६, २५-१८ र २९-२७ ले हराएको हो। त्यस्तै उज्वेकिस्तानले माल्दिभ्सलाई २५-१८, २५-१४ र २५-४ ले पराजित गर्दै सेमिफाइनल प्रवेश गऱ्यो।

राखेपको विशेष सहयोग तथा नेपाल भलिबल संघको आयोजनामा जारी प्रतियोगितामा ८ टोलीको सहभागिता रहेको छ। प्रतियोगितामा नेपाल, बंगलादेश, माल्दिभ्स, भारत, श्रीलंका, किर्गिस्तान, उज्वेकिस्तान र काजाकिस्तानको सहभागिता रहेको छ।

समूह 'ए' मा घरेलु टोली नेपाल सहित भारत, बंगलादेश र किर्गिस्तान छन्। समूह 'बी' मा श्रीलंका, माल्दिभ्स, काजकिस्तान र उज्वेकिस्तान रहेका छन्। राउन्ड रोबिन लिग पछि शीर्ष २ टोलीले सेमिफाइनलमा र पुछारमा रहेका दुई टोलीले वरीयताका लागि प्रतिस्पर्धा गर्नेछन्।

### एकदिवसीय विश्वकप छनोट

# नेपाल समूह 'ए' मा



■ प्रभाव संवाददाता

**काठमाडौं–** जिम्बावेमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ। आइसिसीले मंगलबार सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल समूह 'ए' मा परेको हो। नेपालको समूहमा वेस्ट इन्डिज, आयोजक जिम्बावे, अमेरिका र नेदरल्यान्ड्स छन्। त्यस्तै, समूह 'बी' मा ओमान, श्रीलंका, स्कटल्यान्ड, आयरल्यान्ड र संयुक्त अरब इमिरेट्स (युएई) छन्। आगामी असार ३ गतेदेखि असार २४ सम्म जिम्बावेमा आयोजना हुने उक्त प्रतियोगितामा विभिन्न १० राष्ट्रले भाग लिने छन्।

समूह चरणमा प्रत्येक राष्ट्रले चार खेल खेल्नेछन्। समूह चरणबाट आ-आफ्नो समूहका शीर्ष तीन टोली सुपर सिक्समा प्रवेश गर्नेछन्। सुपर सिक्समा एउटा समूहले अर्को समूहका टोलीसँग प्रतिस्पर्धा गर्नेछन्। सुपर सिक्सको शीर्ष दुईभित्र रहने टोली आगामी अक्टोबरमा भारतमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकपमा छनोट हुने छन्।

प्रतियोगिताका लागि नेपाल क्रिकेट संघ (क्यान)ले सोमबार २२ सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरेको छ। टोलीमा कप्तान रोहितकुमार पौडेल, कुशल भुर्तेल, आशिफ शेख, ज्ञानेन्द्र मल्ल, आरिफ शेख, दीपेन्द्रसिहं ऐरी, गुल्सन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, प्रतिश जिसी, ललितनारायण राजवंशी, अर्जुन साउद, सन्दीप जोरा, देव खनाल, किशोर महतो, सूर्य तामाङ, कमलसिंह ऐरी, श्याम ढकाल र कुशल मल्ल छन्।

### उद्घाटन खेल जिम्बाबेसँग खेल्ने

आगामी महिना जिम्बावेमा आयोजना हुने आइसीसी विश्वकप छनोटको खेल तालिका घोषणा भएको छ। आइसीसीले मंगलबार खेलतालिका प्रकाशन गरेको हो। खेल तालिका अनुसार प्रतियोगिताको उद्घाटन १८ जुन अर्थात असार ३ मा हुनेछ। उद्घाटनको दिन दुई खेल रहेको छ। उद्घाटन खेलमा आयोजक जिम्बावे र नेपालबीच खेल हुनेछ। दोस्रो खेलमा २० जुन अर्थात् असार ५ मा अमेरिकासँग खेल्ने नेपालको तेस्रो खेल वेस्ट इन्डिजसँग २२ जुन / असार ७ मा रहेको छ। नेपालले समूह चरणको अन्तिम खेलमा सँग २४ जुन / असार ९ मा खेल्नेछ।

जिम्बावेविरुद्ध १८ जुन अर्थात् असार ३ मा हुने खेल टेस्ट राष्ट्रविरुद्ध नेपालको पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) मान्यता प्राप्त खेल पनि हुनेछ। प्रतियोगितामा दश राष्ट्रको सहभागिता रहेको छ। सहभागी दश टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह ए मा नेपाल र आयोजक जिम्बावे सहित वेस्ट इन्डिज, नेदरल्याण्ड्स र अमेरिका रहेका छन्। उता, समूह बी मा श्रीलंका, आयरल्यान्ड, स्कटल्याण्ड, ओमान र युएई रहेका छन्। समूह चरणमा प्रत्येक राष्ट्र चार खेल खेल्नेछन्। आआफ्नो समूहका शीर्ष ३ टोलीहरू सुपर सिक्समा प्रवेश गर्नेछन्। सुपर सिक्समा एक समूहका टोलीले अर्को समूहका टोलीसँग प्रतिस्पर्धा गर्ने छन्।

१३ राष्ट्र सहभागी विश्वकप सुपर लिगको शीर्ष ८ मा रहि विश्वकप आयोजक भारत, पाकिस्तान, अस्ट्रेलिया, न्युजिल्यान्ड, बंगलादेश, इंग्ल्यान्ड, दक्षिण अफ्रिका र अफगानिस्तान सधा विश्वकपका लागि छनोट भइसकेका छन्।

## चुलाचुलीलाई उपाधि

**पथरी (प्रस)–** प्रथम सिसौली च्यालेन्ज कपको उपाधि चुलाचुली फुटबल क्लब दमकले जितेको छ। मंगलवार सम्पन्न फाइनलमा सिरीजंघा स्पोटिङ क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै चुलाचुलीले उपाधि जितेको हो।

उपाधिसँगै चुलाचुलीले ५१ हजार रूपयाँ र ट्रफि हात पाऱ्यो। उपविजेता सिरीजंघाले ३१ हजार रूपयाँमा चित्त वुझायो।

पहिलो हाफ बराबरी भएपनि दोश्रो हाफको ७ औं मिनेटमा चुलाचुलीका कसिम राईले गरेको गोल नै निर्णायक वन्यो। सनम धिमालले दिएको पासलाई 'अनमार्क'मा रहेका कसीमले जाली चुमाइदिए। त्यसपछि कुनै गोल हुन सकेन र चुलाचुलीले उपाधिमा कव्जा गऱ्यो। विधागततर्फ पनि चुलाचुलीका खेलाडी कै वर्चस्व रह्यो।

विधागत रूपमा चुलाचुलीका खेलाडीहरू उत्कृष्ट गोलकिपर कृष्ण क्षेत्री, उत्कृष्ट मिडफिल्डर पारस कार्की, सनम धिमाल उत्कृष्ट फरवार्ड घोषित हुँदा सिरीजंघाका प्रताब लिम्बु हाइ स्कोरर, उत्कृष्ट डिफेन्स सुमन राई र मन्दिप लिम्बुले म्यान अफ दि सिरिजको उपाधि जिते। फाइनल खेलको म्यान अफ दि म्याच गोलकर्ता राई घोषित भए। सिसौली युवा क्लबले प्रतियोगीताको आयोजना गरेको हो।


**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा शाखा कार्यालयमा बुझाइदिनुहोला।

नाम : रञ्जित लामिछाने

बिमालेख नं.: ००१००१५५८३

ठेगाना : बालकोट-५, भक्तपुर

मोबाइल नं. : ९८४१८१३१६२

# थाइल्याण्डमा विद्यालयको छाना खस्दा ७ जनाको मृत्यु, २३ जना घाइते

**बैंकक–** उत्तरी थाइल्याण्डमा विद्यालयको खेलकुद भवनको छाना भत्किँदा सात जनाको मृत्यु हुनाका साथै अन्य २३ जना घाइते भएका छन् । थाई सरकारका प्रवक्ताले मंगलबार विज्ञप्तिमार्फत सो घटनाको जानकारी दिएका छन् ।

दुर्घटना बेलुका करिब ७:०० बजे भएको थियो । स्थानीय समयअनुसार सोमबार फिचित प्रान्तको एक प्राथमिक विद्यालयको खेलकुद भवनको छाना भारी वर्षाका कारण भत्किएको विपद् रोकथाम तथा न्यूनीकरण विभागले जनाएको छ ।

प्रधानमन्त्री प्रयुत चान–ओ–चाले दुर्घटनामा परी ज्यान गुमाएका परिवारप्रति समवेदना प्रकट गर्दै बेपत्ताको खोजी कार्यलाई प्राथमिकतामा राख्न, क्षतिको विवरण संकलन गर्न र पीडितलाई तत्काल राहत उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिनु भएको छ ।

स्थानीय सञ्चार माध्यमहरूले आँधीले भवनको धातुको छानामा क्षति पुऱ्याउँदा सम्पूर्ण संरचना भत्किएको उल्लेख गरेका छन् । छानो खसेपछि विद्यार्थी, अभिभावक र विद्यालयका कर्मचारीहरू भग्नावशेषमा फसेका थिए ।

फिचिटका गभर्नर पायोन असवापिचायोनले मंगलबार प्रभावित स्थलको भ्रमण गरेका छन् । त्यहाँ कम्तीमा १०० स्थानीय घरपरिवारले आँधीका कारण भएको क्षति र थप मूल्यांकन भइरहेको जानकारी उपलब्ध गराएका छन् । विद्यालय र अन्य प्रभावित क्षेत्रलाई सार्वजनिक प्रकोपग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

सोमबारदेखि वर्षायाम सुरु भएसँगै थाइल्याण्डको मौसम विभागले देशका अधिकांश भूभागमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ । *रासस/सिन्ह्वा*

# युद्धविराम प्रारम्भ भयो तर युद्ध रोकिएन

**खार्तुम–** मानवीय सहायताका कार्यसम्पादन गर्न तथा देश छाडेर सुरक्षित स्थानमा जान चाहनेका लागि अवसर दिने उद्देश्यले लागू गरिएको युद्धविरामको अवधि प्रारम्भ भए पनि युद्ध भने नरोकिएको स्थानीय प्रत्यक्षदर्शीले बताएका छन् ।

राजधानी खार्तुमका साथै वरपरका क्षेत्रमा हवाई हमला र झडप जारी रहेको उनीहरूले जनाएका छन् । यसअघिका युद्धविराम सम्झौता पूर्णतः कार्यान्वयन नभएकाले आजदेखि प्रारम्भ हुने युद्धविरामका बेला पनि झडप नहोला भन्नेमा सुडानी विश्वस्त हुन सकेका छैनन् ।

नर्वेली शरणार्थी परिषद्का कार्ल स्केम्बरीले आधिकारिक घोषणालाई युद्धरत पक्षले बेवास्ता गर्दै गोली प्रहार र बमबारीका घटना जारी राखेका तथा त्यसले लाखौं नागरिकको ज्यान जोखिममा पारेको ट्वीटरमा लेखेका छन् । विगतका वाचा पालना नहुँदा मानवीय सहायताकर्मी, बालबालिका र अन्य मारिएका तथा अस्पताल ध्वस्त भएकोमा उनले दुःख व्यक्त गरेका छन् ।

अप्रिल १५ देखि सुडानका सैन्य प्रमुख अब्देल फताह अलबुरहानको नेतृत्वमा सेना र उनका पूर्वसहायक मोहम्मद हमदान डग्लो नेतृत्वको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)बीचको युद्धमा एक हजारभन्दा बढीको ज्यान गइसकेको छ भने पाँच हजारभन्दा बढी घाइते भएका छन् । दश लाखभन्दा बढी भाग्न बाध्य भएका छन् ।

अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासनसत्ता सञ्चालन गरेका ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति संघर्षले लिएको उग्ररूपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो । बुरहान र डगालोबीच आरुएसएफलाई सरकारी सेनामा समाहित गर्ने विषयमा पनि सहमति नहुँदा आपसी मनामालिन्य बढेको छ ।

सुडानमा नागरिक शासन कसरी पुनःस्थापना गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ । आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ । *रासस/एएफपी*

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/०७ मा दर्ता भएको **प्रा.लि. नं. १४२८८८** को **मालिका ट्रेडिङ्ग एण्ड इन्भेष्टमेन्ट प्रा. लि.** को मिति २०८०/०१/२८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: जिवन कुमार थापा, इजाजतपत्र नं. ४२२**

**ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०२/१०**

यस कम्पनीको मिति २०८०/०१/१८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **दृश्य एजुकेशन प्रा.लि., का.म.न.पा २९ ठेगाना** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **हेल्प स्टुडेन्ट वर्ल्ड वाईड प्रा.लि., का.म.न.पा २८** (परिवर्तित नाम र ठेगाना) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०१/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हेल्प स्टुडेन्ट वर्ल्ड वाईड प्रा.लि.(प्रा.लि.नं.८४२०१/०७७/०६८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनी उद्योग दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

**दोस्रोपटक प्रकाशित मिति: २०८०/०२/१०**

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको प्रा लि नं. ७२८५३/२०६६/२०६७ को **क्रियटिभ ओमन डेभलपमेण्ट ह्याण्डीक्राफ्ट प्रा. लि.** को मिति २०७९।१२।३० गतेमा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोही कसैलाई कुनै किसिमको लेनदेन बांकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा सर्म्पक गरी हक दावी गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागी यो सूचना जारी गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको खारेजीको प्रकृया अगाडी बडाइ दर्ता खारेजी गरिने छ ।

**लिक्वीडेटर हिम लाल गिरी**
**ठेगाना : काठमाण्डौं का.म.न.पा. १६ म्हेपी**
इजाजत पत्र नम्बर ५३०
फोन नम्बर ९८४९८३४७८८


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED GENERAL CONTRACTING CORPORATION

पूर्व स्वीकृति मिति २०७९/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 284295 | चलानी नं. ६०१९९६२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder | 1 | 0 | 1000 | ३४,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 6 | 0 | 1000 | ३४,९०५ | | | | | | | |
| 3 | Driver Heavy Equipment | 1 | 0 | 1800 | ६२,८३५ | | | | | | | |
| 4 | Painter | 4 | 0 | 1200 | ४२,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED INTERNATIONAL GROUP (MANPOWER RECRUITMENT DIVISION)

पुर्व स्वीकृति मिति २०७८/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 248426 | चलानी नं. ६०१६५२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 25 | 0 | 1200 | ४३,१०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labourer | 16 | 0 | 900 | ३२,३२५ | | | | | | | |
| 3 | Carpenter Assistant | 49 | 0 | 1200 | ४३,१०० | | | | | | | |
| 4 | Reinforcing Fitter Assistant | 43 | 0 | 1200 | ४३,१०० | | | | | | | |

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES -SOLE PROPRIETORSHIP L.L.C

पुर्व स्वीकृति मिति २०७८/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 252117 | चलानी नं. ६०१६९००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER ASSISTANT | 48 | 0 | 1200 | ४३,२९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Reinforcing Fitter Assistant | 30 | 0 | 1200 | ४३,२९० | | | | | | | |
| 3 | Stone Mason Assistant | 44 | 0 | 1200 | ४३,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASIA LINK SERVICES PVT. LTD.**
श्रम ईजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## ZERO COST RECRUITMENT IN MALAYSIA
## मलेसियामा शुन्य लागतको रोजगार

सच्चाइएको

**Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job)**

**नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, फ्रि-राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनोट पस्चात)**

COMPANY: EVERGREEN FIBREBOARD (NILAI) SDN BHD — Negeri Sembilan, Malaysia
कम्पनी : एभरग्रिन फाइबरबोर्ड (निलै) एसडिएन बिएचडी

Pre Approval Date : 2023/05/21 पूर्व स्वीकृति मिति : २०८०/०२/०७ | LT. No.286449 एल टि न. २८६४४९ | Invoice No. 60201834 चलानी नं. ६०२०१८३४ | *Nilai Industrial Estate, 71800 Nilai Negeri Sembilan, Malaysia*

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary आर एम RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker जेनेरल वर्कर | ८० | 0 | सो काममा दक्ष Skilled at related work | १५०० | ४३,५९५ | क. नियम अनुसार As per the company rule | ७.५ घण्टा 7.5 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup fee | भिषा शुल्क Visa Fee | फाइनल अनतवार्ताको समयमा र प्रस्थान अधि हुने यातायत लगायत खाना र बस्ने खर्च Transport, Lodging & Food During Final interview & bofore departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour Approval | हवाई टिकट शुल्क Air Ticket expenses | संस्थाको सेवा शुल्क Agency Service Charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

- यो भर्ती मागपत्र शून्य लागत नीति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तवार्तीको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall begiven or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)
- तपाईंले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईलाई कुनै पनि एजेन्ट बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट र बिचौलिया छैन । Since youdonÚt have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र साग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फलेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre–recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination=
- यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज |(A.K. Overseas Pvt.Ltd.) मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

**Tel: 014000027 Email: akoverseas494@gmail.com**

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page

**A.K. Overseas Pvt.Ltd. | Tel: 01–4000027 | Email: akoverseas494@gmail.com**

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ देखि १९ गते सम्म हुनेछ ।**
**Interview will be conducted from 31 May to 2 June, 2023 in office premisees.**

**Direct office contact candidates are priority to give interview**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफ कामगर्न जाने मुलुकमा रहेको, नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा, उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हनहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश, जानु अघि आफुजाने मुलक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन, सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।**

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Buddhanagar.

**A.K. OVERSEAS (PVT.) LTD.**
श्रम ईजाजत नं.४९४/०६१/०६२ Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027
Email: akoverseas494@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 277357 | चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

कम्पनी : MJ INTERNATIONAL RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 272271 | चलानी नं. ६०१८६७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 10 | 0 | 150 | ६२,२१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 6 | 0 | 150 | ६२,२१५ | | | | | | | |
| 3 | Waitress | 0 | 6 | 150 | ६२,२१५ | | | | | | | |
| 4 | Chef | 10 | 0 | 150 | ६२,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 97411877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

**Fewa HR Solutions Pvt. Ltd.** श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: CHINA ELEVENTH CHEMICAL CONSTRUCTION WLL

पूर्व स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 286503 | चलानी नं. ६०२०१८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrican | 5 | 0 | 1300 | ४७,३५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Forman | 7 | 0 | 2500 | ९१,०५५ | | | | | | | |
| 3 | Labour | 95 | 0 | 1100 | ४०,०६५ | | | | | | | |
| 4 | Pipe Fitter | 45 | 0 | 1300 | ४७,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १७ गते (31st May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

## Zero Cost Recruitment in Malaysia
## मलेसियामा शुन्य लागतको रोजगार

**यो मागपत्र शुन्य निति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अघि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अघि ४ दिन), अभिमुखिकरन रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ । This Recruitment Is Conducted Under A Zero-Cost Policy. All This Expenses (Passport 5000 (New Passport Only) Medical 8664, Visa 7064, Transport 750 (During The Interview Two Way And Before Departure One Way) Lodging And Food 450 Per Day (During The Interview 2 Days & Before Departure 4 Days), Orientation 700, Insurance 3708, Wale Fare Fund 1500, Air Ticket,) Including Agency Service Charge Will Be Borne By The Employer.**

(NAME OF EMPLOYER): **Mac Food Services (Malaysia) Sdn Bhd**
रोजगारदाता कम्पनी : पेलाबुहान तान्जुङ पेलेपास एस.डीएन. बीएचडी

पूर्व स्वीकृति मिति: २०७९/१०/१२ (Pre Approval Date: 2023-01-26 | पुन स्वीकृति मिति : २०८०/०२/०९ Ree Approval Date : 2023-05-23 | चलानी नं.: ६०१९५९३३ (Reference No. 60195933 | LOT No. 279766 | शहर: SUBANG JAYA

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलव RM | Monthly Basic Salary मासिक तलव ने.रू | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | GENERAL WORKER जेनेरल वर्कर | 2 २ | 0 ० | Proficient in reading, speaking writing understanding in English with +2 pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनु पर्ने | 1500 १५०० | 44,180 ४४,१८० | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताल ` व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को माहारजगंज काठमाण्डौ वाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक रोजगारीमा जाने कामदारहरुले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कटौटी गरिने छैन ।

**Note** : Trust Nepal Overseas Pvt Ltd. doesn't have any branches or recruiting branches, We would like to inform you that if anyone claimsto be a mediatorfor Trust Nepal Overseas that's completely false information. Any worker going for foreign employment through this agency are not required to pay any recruitment fees this means all the recruitment process will be free of cost and also ther will be no deduction from te salary.

**Interview Date /Venue : अन्तर्वाताको मिति र स्थान**
अन्तर्वाता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को माहारजगँज काठमाण्डौ अफिस कार्यालयमा २०८०/०२/१७ गते हुनेछ ।
**Interview will be held at Trust Nepal Overseas Pvt Ltd Maharajgunj Kathmandu Office Premises Dated 31 May, 2023**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलुक सामाग्रीहरु जस्तै पर्चा ब्यानर फलेक्स आदि पुर्ण रुपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौं । **We request you to fully study and understand jpt related informative materials such as flyers, banners, flex placed at our office premises.**
अन्तर्वाताामा सहभागी हुनु हुने उमेदवारहरूले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रूपमा ल्याउन अनुरोध गर्दछौं।
**Interview attending candidates must bring their QR Vaccination Certificate at the time of interview.**

अन्तर्वाता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।
**The interview shall be conducted by atheringto social distancing guidelines and COVID 19 Protocols.**

अन्तर्वाताामा सहभागी हुनु हुने उम्मेदबारहरूले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौ । **Interview attending Candidates are strictly required to wear a mask during the interview.** अवैध व्यक्ति वा भर्तिकर्ताहरु देखि सावधान रहनुहोस । **Be aware of the illegal person or recruiter.**

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा **info@trustnepal.com** मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौ । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्दता व्यक्त गर्दछौं । **If any individual or organization tries to demand any recruitment fees by any illegal and suspicious activites with workers by citing Trust Nepal Overseas's name. we request you to contact and report the issues to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your confidentiality is highly respected and your indentity will be duely protected.**

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: २५९/०५८/०५९,Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हौं ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com Hotline No. 9802021361

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०९२०० | प्रति तोला – १०८७०० | प्रति तोला – १३६५ |



**ठेकीको व्यापार** इलाममा बनाइएको ठेकी मोरङको बेलबारीमा बेच्दै एक महिला। ५०० मूल्यदेखि आठ हजारसम्मका ठेकी बिक्री हुनेगरेको छ।
*तस्बिर: विवेक मिश्र/रासस*

# बक्यौता भुक्तानीको जिम्मा स्मार्ट टेलिकमको : प्राधिकरण

■ **प्रभाव संवाददाता**

**काठमाडौं (प्रस)–** नेपाल दूरसञ्चार प्राधिकरणले बक्यौता रकम भुक्तानीको जिम्मा स्मार्ट टेलिकमकै हुने स्पष्ट पारेको छ। प्राधिकरणले आज एक सूचना जारी गर्दै व्यक्ति तथा प्राधिकरणलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकम कम्पनीकै रहेको बताएको छ।

'स्मार्ट टेलिकम प्रालिले नियमानुसार अनुमतिपत्र नवीकरण नगरेकाले दूरसञ्चार ऐन, २०५३ को दफा २५ को उपदफा (५) वमोजिम वैशाख ३ गतेदेखि स्वतः रद्द भएकाले निजले नेपाल सरकार, प्राधिकरण तथा अन्य संस्थालाई तिर्नुपर्ने रकम असूल उपर गर्नका लागि अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ वमोजिम निजको सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल प्राधिकरणले नियन्त्रणमा लिएको छ', प्राधिकरणले जारी गरेको सूचनामा भनिएको छ। प्राधिकरणले नियन्त्रणमा लिनु अगाडि स्मार्ट टेलिकमबाट संस्था, सर्वसाधारण व्यक्तिलाई भुक्तानी गर्नुपर्ने बक्यौता निज कम्पनीकै दायित्वसमेत भएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले बक्यौता भुक्तानीको जिम्मा कम्पनीको मात्रै रहेको भन्दै प्राधिकरण तथा नेपाल सरकारको कुनै दायित्वसमेत नभएको जनाएको छ। स्मार्ट टेलिकमले नवीकरणवापतको रु २१ अर्ब ८६ करोड र त्यसको १५ प्रतिशत जरिवाना बुझाउनुपर्ने हुन्छ। कम्पनीले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट रु दुई अर्बभन्दा बढी ऋण लिएको छ।

कम्पनीले प्रकाशित गरेको गत आर्थिक वर्षको वित्तीय विवरणअनुसार प्राइम बैंकबाट रु ७३ करोड ३९ लाख ५३ हजार तीन सय ४६, नेपाल इन्भेस्टमेन्ट बैंकबाट रु एक अर्ब ३१ करोड ७१ लाख र लक्ष्मी बैंकबाट रु ८ करोडभन्दा बढी ऋण लिइएको उल्लेख छ।

**मूल्य निर्धारण समिति**

प्राधिकरणले स्मार्ट टेलिकमको मूल्य निर्धारण समिति गठनका लागि सूची दर्ताको सूचना जारी गरेको छ। प्राधिकरणले दोस्रो पटक सार्वजनिक सूचना नै जारी गरी मूल्य निर्धारण समिति गठनका लागि सूची दर्ताका लागि आह्वान गरेको हो।

प्राधिकरणले समितिको संयोजकका लागि सूचिकृत भ्यालुएटर भई कम्तिमा १५ वर्ष काम गरेको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी शैक्षिक उपाधि हासिल गरी कम्तिमा १५ वर्ष लेखा परीक्षकको रूपमा काम गरेको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी व्यवस्थापन क्षेत्रमा कम्तिमा १५ वर्ष काम गरेको हुनुपर्ने उल्लेख गरेको छ।

त्यस्तै सदस्यका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सीए शैक्षिक उपाधि हासिल गरेको एक जना, सूचिकृत सम्पत्ति भ्यालुएटर एक जना, सूचना प्रविधि वा दूरसञ्चार क्षेत्रको विज्ञ एक जना र कानुन वा व्यवस्थापनको क्षेत्रमा कम्तिमा दश वर्षको कार्यअनुभव भएको एक जना समितिमा सदस्यको रूपमा रहने उल्लेख छ।

# नेपाल र चीनबीच द्विपक्षीय पारवहन व्यापार प्रवर्द्धनका लागि छलफल

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालसँग चिनियाँ राजदूत चेन सङ्ले भेट गरेका छन्। मन्त्रालयमा सोमबार भएको भेटवार्तामा द्विपक्षीय सम्बन्ध, विकास सहायता र सीमानाका खुलाउने विषयलगायत विविध विषयमा कुराकानी भएको थियो।

भेटमा मन्त्री रिजालले नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको जनाउँदै चिनियाँ राजदूत चेन संको प्रशंसा गरेका थिए। आगामी दिनहरूमा पनि द्विपक्षीय सम्बन्ध थप सुदृढ हुँदै जानेमा आफु विश्वस्त रहेकोसमेत मन्त्री रिजालले स्पष्ट पारे। भेटका क्रममा मन्त्री रिजालले दुई देशबीचको सम्बन्ध विशेष एवं उच्च महत्व रहेको बताए। चीनविरूद्ध नेपाली भूमि प्रयोग हुन नदिने कुराप्रति प्रतिबद्धता जनाउँदै उनले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्थिरता तथा राष्ट्रिय स्वाधिनताको सम्मानका लागि चीन सदैव अडिग रहेको प्रति नेपालको उच्च सम्मान रहेको बताए।

चीन नेपालको दोस्रो ठूलो व्यापार साझेदार मुलुक रहेको जनाउँदै मन्त्री रिजालले नेपालको कुल वैदेशिक व्यापारको १४ प्रतिशत व्यापार चीनसँग हुने गरेको स्पष्ट पारे। चीनसँगको व्यापारमा नेपालले ठूलो व्यापार घाटा व्यहोरिरहेको स्पष्ट पार्दै मन्त्री रिजालले उक्त व्यापार घाटालाई कम गर्नका निमित्त राजदूत चेन सङको कार्यकालमा दुई देशबीच सहकार्य हुनेमा विश्वास व्यक्त गरे। मन्त्री रिजालले चिनियाँ राजदूत चेन सङ्लाई नेपाल र चीनबीचको व्यापार सहजीकरण गर्न दुई देशका बीच रहेको विभिन्न संयन्त्रहरूको स्मरणसमेत गराए। पारवाहन ढुवानी सम्झौताको कार्यान्वयनका लागि स्थापित संयुक्त परामर्श संयन्त्रको बैठकसमेत बस्न नसकेको बताउँदै उनले काठमाडौं र बेइजिङबीच स्थापित उक्त संयन्त्रहरूको बैठक यथाशीघ्र बसी द्विपक्षीय तथा पारवहन व्यापार प्रवर्द्धन तथा सहजीकरण गर्न आग्रह गरे।

तातोपानी, रसुवा तथा हिल्सानाका पुनः खुलेर पूर्णरूपमा सञ्चालनमा आएकामा खुसी व्यक्त गर्दै मन्त्री रिजालले थप नाका पनि चाँडै सञ्चालनमा ल्याउन पहल गरिदिन आग्रह गरे।

# नेप्से परिसूचकमा उच्च अंकको उछाल

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक उच्च अंकले वृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार मंगलबार नेप्से परिसूचक ५१ दशमलव ३१ अंकले उकालो लागेर एक हजार नौ सय ४२ दशमलव ६३ मा पुगेको छ।

ठूला कम्पनीको सेयर कारोबार मापक सेन्सेटिभ परिसूचक आठ दशमलव ८५ अंकले उकालो लागेर तीन सय ६७ दशमलव ७४ मा पुगेको छ। कारोबार भएका कूल १३ उपसमूहको सेयर मूल्यमा नै वृद्धि भएकाले आज बजारमा हरियाली छाएको हो। कूल ६० लाख ६७ हजार चार सय ३२ कित्ता सेयर रु दुई अर्ब २० करोड २३ हजार नौ सय ४५ मूल्यमा खरिद बिक्री भएको छ। कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु १० करोड पाँच लाख १५ हजार चार सय ३९ मूल्य बराबरको सेयर कारोबार भएको छ।

यस्तै, नेपाल दूरसञ्चार कम्पनी रु आठ करोड ९९ लाख २७ हजार नौ सय ४५, एनआइसी एशिया बैंक रु सात करोड २३ लाख ६१ हजार दुई सय १३, हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी रु सात करोड १९ लाख ९७ हजार दुई सय ३३ र हिमालयन डिस्टिलरी रु छ करोड ७९ लाख छ हजार तीन सय ७५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्। नेप्सेका अनुसार, कालिका लघुवित्त, खप्तड लघुवित्त, आत्मनिर्भर लघुवित्त र सामुदायिक लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

त्यस्तै, रिभर फल्स पावर कम्पनीका लगानीकर्ताले आठ दशमलव ३७ प्रतिशतले कमाएका छन्। सनराइज फस्ट म्युचुअल फण्ड दुई, ग्लोबल आइएमई बैंकको ऋणपत्र एक दशमलव ९८, लक्ष्मी उन्नती कोष एक दशमलव ६५, लक्ष्मी बैंकको ऋणपत्र एक दशमलव ६५ र आर्दश लघुवित्तका लगानीकर्ताले एक दशमलव २३ प्रतिशतले गुमाएका छन्। कारोबारपछि बजार पुँजीकरण रु २८ खर्ब ३४ अर्ब बराबर पुगेको छ।

## कर्पोरेट

### एनआइसी एसियाले भिडियो कलमार्फत् दिने भयो सुविधा

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

**काठमाडौं (प्रस)–** एनआइसी एशिया बैंकले आफ्ना ग्राहकहरूलाई भिडियोका माध्यमबाट विभिन्न नयाँ सुविधा ल्याएको छ। बैंकले अनलाईन भिडियो कल गरी केवाईसी विवरण अद्यावधिक, खाता सुचारु, बचत खाताको स्कीम परिवर्तन, हस्ताक्षर अद्यावधिक तथा मोबाइल नम्बर वा ईमेल ठेगाना अद्यावधिक गर्न सकिने सुविधा ल्याएको हो। अनलाईन खाता खोल्ने ग्राहक महानुभावहरूको लागि भिडियो कलबाटै केवाईसी विवरण अद्यावधिक गर्न सकिने सेवा यस अघि नै सुरुवात गरिसकेको बैंकले अब थप पाँच वटा सेवा समेत यस प्रणालीमा जोडेको हो।

घर वा अफिसबाटै लिन सकिने यी पाँच नवीन सेवाहरू बैंकको वेबसाइटबाट ग्राहकले इच्छाएको सेवा छनौट गरी बैंकलाई अनुरोध गर्न सकिनेछ र ग्राहकले दिएको अनुकुल समयमा बैंकले सम्बन्धित ग्राहक महानुभावलाई सम्पर्क गरी सेवा दिने व्यवस्था मिलाएको छ। परिवर्तित समयअनुरूप परिष्कृत सेवा तथा सुविधाहरू ल्याउने क्रमलाई निरन्तरता दिइरहेको बैंकले उल्लेखित सेवा प्रदान गर्न भिडियो कल गर्दा ग्राहक महानुभावहरूले आफ्नो पहिचान खुल्ने कुनै एक परिचय पत्र (नागरिकता, राहदानी, सवारी चालक अनुमति पत्र वा मतदाता परिचय पत्र) तथा सेतो कागज र कालो वा निलो मसी भएको कलम आफूसँग राखी बैंक कर्मचारीले माग गरे बमोजिमका विवरण तथा कागजात देखाउनु पर्छ। यस नयाँ सेवाको सुरुवातसँगै ग्राहक महानुभावहरूको विद्यमान खातामा नयाँ विवरण राख्नका लागि केवाईसी विवरण अद्यावधिक गर्न, निष्कृय खातालाई सुचारु गर्न, चलिरहेको बचत खाता योजनालाई अर्कोमा परिवर्तन गर्न, खातामा रहेको हस्ताक्षर परिवर्तन गर्न र खातामा प्रयोग भएको मोबाइल नम्बर वा ईमेल ठेगाना परिवर्तन भएमा सो अद्यावधिक गर्न यो सेवा निकै नै लाभदायी हुनेछ।

एनआइसी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो। यस बैंकले मुलुकभर ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०९ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ।

### सिटिजन्स बैंक र रन्जना सिनेप्लेक्सबीच सम्झौता



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र न्युरोड, काठमाडौं स्थित रन्जना सिनेप्लेक्स प्रा.लि. बीच सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताहरुले रन्जना सिनेप्लेक्समा टिकट खरिदमा ५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएकाआफ्ना १८२ वटा शाखा, ३ वटा विस्तारित काउण्टर, १३९ वटा ए.टि.एम., ६ वटा कियोस्क सेवा र ९७ वटा शाखा रहित बैंकिङ ईकाईहरूबाट करिव १५ लाख ६५ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदानगर्दै आएको छ।

गणतन्त्रका उपलब्धिहरू
◆ संघीयताको अभ्यासमार्फत् संघ, प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड
◆ विधिको शासनको व्यवस्था
◆ अधिकार सम्पन्न स्थानीय तह
◆ जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन
◆ अभिव्यक्ति स्वतन्त्रताको रक्षा,
यी उपलब्धिहरूको रक्षा गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण:** एक्सप्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्णबहादुर कार्की, **सम्पादक:** विष्णु तामाङ